# कक्षा नौ र दशको नेपाली भाषा  पाठ्यपुस्तकमा समाविष्ट निवन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन

नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र


शोधार्थी

मनोज दाहाल

क्याम्पस क्रमाङ्क शैक्षिक वर्ष : ०९३ (२०७३)

त्रि.वि. दर्ता नं : ९–२–२१७–१८८–२०१०

दोस्रो वर्षको परीक्षा क्रमाङ्क (वर्ष) : २१८००२१ (२०७४)

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

जनता बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

इटहरी, सुनसरी



वि. सं. २०८१ / इ. सं. २०२४

# कक्षा नौ र दशको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निवन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन


**<u>शोधार्थी</u>**

**मनोज दाहाल**

**क्याम्पस क्रमाङ्क: ०९३ (२०७३)**

**त्रि.वि.द.नं.: ९–२–२१७–१८८–२०१०**

**परीक्षा क्रमाङ्क: २१८००२१ (२०७४)**


<u>शोधपत्र पेस गरेको मिति</u>

वि.सं. २०८१/०३/

<u>शोधपत्र भाइवा भएको मिति</u>

वि.सं. २०८१ ०३ /


जनता बहुमुखी क्याम्पस

शिक्षाशास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

इटहरी, सुनसरी

## **स्वयम् घोषणा**

म शोधार्थी मनोज दाहाल यो घोषणा गर्दछु- प्रस्तुत शोधपत्र मेरो मौलिक अनुसन्धान हो । शोधपत्रको कुनै अंशसमेत मैले कहिँकतैबाट हु-बहु नक्कल गरेको छैन । आवश्यकता अनुसार सन्दर्भ र स्रोत खुलाई पूर्वकार्यको प्रयोग गरेको छु ।  कहिँकतैबाट हु-बहु नक्कल गरेको प्रमाणित भएमा त्यसबाट आउने सबै खाले परिणामहरुको सामना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । यस सम्बन्धमा पछि कहीँकतै र कुनै किसिमको उजुरबाजुर गर्ने छैन ।

शोधार्थी

मनोज दाहाल

# जनता बहुमुखी क्याम्पस

**इटहरी, सुनसरी**

स्थापित : २०४५

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय

०२५ - ५८१३००
५८००६४


प.सं.

च.नं.

**मिति २०८१/०३/**

---

**शोध निर्देशकको सिफारिस–पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री **मनोज दाहाल**ले नेपा.शि. (५९८) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा नौ र दशको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निवन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति:

..............................

तीर्थराज भट्टराई

शोध निर्देशक

जनता बहुमुखी क्याम्पस

इटहरी,सुनसरी

नेपाली भाषा शिक्षा विभाग

जनता बहुमुखी क्याम्पस
**इटहरी, सुनसरी**
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय
०२५ - ५८१३००
५८००६४

प.सं.

च.नं.

**मिति २०८१/०३/**

**स्वीकृति पत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत एमएड दोश्रो वर्षका शोधार्थी मनोज दाहालले नेपाशि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत गर्नुभएको **कक्षा नौ र दशका निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन** शीर्षकको शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनसहित स्नातकोत्तर उपाधिका निम्ति स्वीकृति प्रदान गरिएको छ।

शोधपत्र मूल्याङ्कन समिति

| नाम, थर | हस्ताक्षर |
|---|---|
| १. | ................... |
| २. | .................... |
| ३. | ................... |
| ४ | .................. |

मिति :

वि.सं. २०८१/ /

इ.स.: / /२०२४

# कृतज्ञता ज्ञापन

कक्षा नौ र दशको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निवन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र आदरणीय गुरु तथा उपप्राध्यापक श्री तीर्थराज भट्टराई ज्यूको निर्देशनमा रही तयार पारेको हुँ । यस शोधपत्रको शीर्षक छनौट देखि लिएर समय समयमा विभिन्न सल्लाह, सुझाव र सम्पादनसम्म उहाँमार्फत प्राप्त भएको सहयोगको हार्दिक कदर गर्दछु । आफ्नो व्यक्तिगत समस्यालाई थाँती राखी सहज वातावरणमा कुनै झर्को नमानी अति मूल्यवान समय उपलब्ध गराई यस शोधपत्रलाई परिष्कार र परिमार्जन गरिदिनुभएकोमा उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यथा समयमै शोधपत्र तयार गर्न निरन्तर सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने विभागीय प्रमुख उपप्रा. श्री मदनराज बराल र उपप्रा. श्री नवीन शर्मा ज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस शोधपत्र तयारीका क्रममा आइपरेका समस्या समाधानमा आवस्यक सहयोग पुर्याउनुहुने श्री ज्वालामुखी मावि धरानका शिक्षक एवम् मेरा सहकर्मी मित्रहरू, भाइ निरज निरौला , मेरा सहपाठी मित्र अप्सरा खत्री र शोधपत्रको अध्ययनको दायरामा परेका तत्सम शब्दावृत्तिको सङ्ख्या पत्ता लगाएर उत्कृष्ट सहयोग पुर्याउने कक्षा नौ र दशका मेरा प्रीय विद्यार्थीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । उहाँहरूप्रति म हार्दिक कृतज्ञ छु । यसैगरी विभिन्न घरायसी कामका बाबजुद पनि मलाई भरपूर समय उपलब्ध गराई मेरो अध्ययन र लेखनका निम्ति हरपल प्रेरणा, हौसला दिंदै मार्गदर्शन गर्ने दाजु विष्णु दाहाल र मेरा सम्पूर्ण परिवारजनप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा सहयोग लिइएका र साभार गरिएका विभिन्न पाठ्यसामग्रीका आदरणीय रचनाकारहरुप्रति पनि म आभार प्रकट गर्दछु । अध्ययनको क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउने लेखक, सम्पादक, प्रकाशक शोधकर्ताका सामग्रीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै मा आफैंद्वारा टङ्कण गरिएको यो शोधपत्रलाई प्रिन्ट गरि सहयोग पुर्याउनु हुने नवयुग एकेडेमी, इनरुवाका कर्मचारी श्री दिनेश भट्टाराईलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्तमा, समुचित मूल्याङकनका लागि यो शोधपत्र नेपाली भाषा शिक्षा विभाग जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरीको मूल्याङ्कन समिति समक्ष पेस गर्दछु ।

मिति : २०८१/०३/०६

शोधार्थी

मनोज दाहाल

# शोधसार

**शोधपत्रको शीर्षक** : ***कक्षा नौ र दशका निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन***

**समस्याकथन :** यस अध्ययनको शिलशीलामा कक्षा नौ र दशका निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरुको अध्ययन गर्ने क्रममा आएका समस्यालाई मुख्य रुपमा निम्नबमोजिम प्रस्तुत गरिएको छ:

(क) कक्षा नौ र दशका निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरुको सङ्ख्या के कति छ ?

(ख) तत्सम शब्दहरुको शब्दवर्ग के कस्ता रहेका छन् ?

(ग) तत्सम शब्दहरुको बनौट प्रक्रिया र अर्थ के कस्ता रहेका छन् ?

(घ) कति तत्सम शब्दहरु आवृत्ति भएका छन् ?

**अनुसन्धानको उद्देश्य:** प्रस्तुत शोधकार्यले वर्तमान नेपाली भाषा पाठ्यपुस्तक कक्षा ९ र १० मा समाविष्ट निबन्ध विधालाई सम्बोधन गर्दछ । यस अन्तर्गत कक्षा ९ र १० का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्द पहिचान गर्नु मुख्य उद्देश्य मानिएको छ। यसरी पत्ता लगाइएका तत्सम शब्दहरूको शब्दवर्ग, शब्दको स्रोत, उच्चारण, अर्थ, बनोट प्रक्रिया र आवृत्ति समेत पत्ता लगाउनु अर्को महत्वपूर्ण उद्देश्य राखिएको छ ।

**अध्ययन विधि र प्रक्रिया :** प्रस्तुत अध्ययनको शिलशीलामा अति आवश्यक पर्ने सामग्रीको सङ्कलनको प्रथम स्रोतका रूपमा पुस्तकालयीय विधिलाई अपनाइएको छ । पाँच अध्यायमा विभाजन गरिएको प्रस्तुत शोधपत्रमा प्रयुक्त तथ्य, सामग्री र तथ्याङ्कको व्याख्या र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।अध्ययन अनुसन्धानका विविध ढाँचा र प्रक्रियाहरू विद्यमान रहे तापनि यस शोधपत्रको प्रकृतिलाई दृष्टिगोचर गरी विवरणात्मक शैलीको प्रयोग गरिएको छ।

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोधको परिचय अन्तर्गत पृष्ठभूमि, समस्या कथन, अनुसन्धानको उद्देश्य, अध्ययनको औचित्य र महत्व, अध्ययनको परिसीमा र शोधपत्रको रूपरेखा/अध्याय योजना समावेश गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपयोगिता/कार्यान्वयन, सैद्धान्तिक र धारणात्मक संरचनालाई समावेश गरिएको छ । त्यसैगरी अध्याय तीनमा अध्ययनको संरचना, जनसङ्ख्या र नमुना, नमुना छनौट प्रक्रिया, तथ्याङ्क विश्लेषण र व्याख्या

प्रक्रिया भनी शोधपत्रको स्वरूप तयार पारिएको छ। अध्याय चारमा नतिजा र परिणाम अन्तर्गत कक्षा ९ र १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका छ ओटा निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरू पहिचान गरी ती शब्दको वर्ग, स्रोत, उच्चारण, बनोट प्रक्रिया र अर्थका आधारमा विश्लेषण गर्नुका साथै प्रत्येक निबन्धमा प्रयुक्त सम्पूर्ण शब्द सङ्ख्या, तत्सम शब्द सङ्ख्या र ती शब्दको प्रयोगको प्रतिशतलाई समेत उल्लेख गरिएको छ । यसका अतिरिक्त आवृत्ति भएका शब्द र आवृत्तिको अवस्थालाई तालिकीकरण समेत गरिएको छ । शोधपत्रको अन्तिम अध्यायमा निष्कर्ष, सुझाव, उपयोगिता, सन्दर्भ सामग्री र परिशिष्टहरू उल्लेख गरिएको छ।

यस शोधपत्र नेपाली भाषा पाठ्यपुस्तक कक्षा ९ अन्तर्गतका करेसाबारी, नेपाली लोकबाजा र कञ्चनजङ्घालाई नियाल्दा तथा कक्षा १० अन्तर्गतका चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा, मेरो देशको शिक्षा र पख्नोस् निबन्धमा प्रयुक्त तत्सम शब्दहरूमा सम्बन्धित भएर शोधकार्य गर्न चाहने भावी शोधार्थीहरूका निम्ति एक महत्वपूण सामग्री बन्नुका साथै कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूलाई तत्सम शब्दको वर्ग, अर्थ, उच्चारण, निर्माण प्रक्रिया आदिका बारेमा ज्ञान वृद्धि गराउने सहयोगी सामग्री बन्ने छ।

**विषयसूची**


| विषयवस्तु | पृष्ठ |
|---|---|
| **अध्याय एक : परिचय** | **१-४** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | २ |
| १.३ अध्ययनका उद्देश्यहरू | ३ |
| १.४ अध्ययनको औचित्य र महत्व | ३ |
| १.५ अध्ययनको परिसीमा | ३ |
| १.६ पारिभाषिक शब्दहरू | ४ |
| १.७ शोधपत्रको रूपरेखा/अध्याय योजना | ४ |
| **अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना** | **५-८** |
| २.१ पूर्वकार्यको समीक्षा | ५ |
| २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन | ७ |
| २.३ सैद्धान्तिक/धारणात्मक संरचना | ८ |
| **अध्याय तीन : अध्ययनको प्रक्रिया र विधि** | **९-१०** |
| ३.१ अध्ययनको संरचना | ९ |
| ३.२ जनसङ्ख्या र नमुना | ९ |
| ३.३ नमुना छनौट प्रक्रिया | ९ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू | ९ |
| ३.४.१ प्राथमिक स्रोत | ९ |
| ३.४.२ द्वितीयक स्रोत | १० |

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया १०

३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया १०

**अध्याय चार : नतिजा/परिणाम र छलफल ११-५४**

४.१ नतिजा/परिणाम ११

४.१.१ करेसाबारी निबन्धमा प्रयुक्त तत्सम शब्द ११

४.१.२ कञ्चनजङ्घालाई नियाल्दा निबन्धमा प्रयुक्त तत्सम शब्द १६

४.१.३ नेपाली लोकबाजा निबन्धमा प्रयुक्त तत्सम शब्द २५

४.१.४ चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा निबन्धमा प्रयुक्त तत्सम शब्द ३३

४.१.५ मेरो देशको शिक्षा निबन्धमा प्रयुक्त तत्सम शब्द ४१

४.१.६ पख्नोस् निबन्धमा प्रयुक्त तत्सम शब्द ४९

४.२ छलफल र व्याख्या ५३

**अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता ५५-६०**

५.१ निष्कर्ष ५५

५.२ सुझाव ५६

५.३ उपयोगिता ५७

५.३.१ नीतिगत तह ५८

५.३.२ कार्यान्वयन तह ५९

५.३.३ आगामी अनुसन्धानका लागि सम्भावित शीर्षक ५९

**सन्दर्भ सामग्री ६१-६२**

**परिशिष्ट ६३**

## सङ्क्षिप्त रूपको सूची

| | |
|---|---|
| इ.सं. | इश्वी संवत् |
| उदा. | उदाहरण |
| उपप्रा. | उप प्राध्यापक |
| क्रि.वि. | क्रियाविशेषण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ना. | नाम |
| नायो. | नामयोगी |
| नेपा. | नेपाली |
| नेपाशि. | नेपाली शिक्षा |
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| प्रा. | प्राध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| वि. | विशेषण |
| वि.सं. | विक्रम संवत |
| शि. | शिक्षाशास्त्र |
| सं. | संस्कृत |
| संयो. | संयोजक |
| सर्व. | सर्वनाम |

# चिह्नसूची

| | |
|---|---|
| । | पूर्णविराम चिह्न |
| ? | प्रश्नवाचक चिह्न |
| , | अल्पविराम चिह्न |
| ! | उद्गार चिह्न |
| / | तिर्यक/ विकल्पबोधक चिह्न |
| ( ) | कोष्ठक चिह्न |
| – | योजक चिह्न |
| “ ” | युगल उद्धरण चिह्न |
| ’ | एकल उद्धरण चिह्न |
| ; | अर्धविराम चिह्न |
| → | वाण चिह्न |
| **%** | प्रतिशत चिह्न |
| **:** | सापेक्षबोधक चिह्न |
| **:-** | निर्देश  चिह्न |
| // | स्वनिम चिह्न |

## तालिका सूची


| क्र.स. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १.१ | 'करेसाबारी' निबन्धका तत्सम शब्दको अवस्था | १२-१४ |
| १.२ | 'करेसाबारी' निबन्धका तत्सम शब्दको वर्गगत अवस्था | १५ |
| १.३ | 'करेसाबारी' निबन्धका तत्सम शब्दको आवृत्तिको अवस्था | १६-१७ |
| २.१ | 'कञ्चनजङ्घालाई नियाल्दा' निबन्धका तत्सम शब्दको अवस्था | १७-२३ |
| २.२ | 'कञ्चनजङ्घालाई नियाल्दा' निबन्धका तत्सम शब्दको वर्गगत अवस्था | २३ |
| २.३ | 'कञ्चनजङ्घालाई नियाल्दा' निबन्धका तत्सम शब्दको आवृत्तिको अवस्था | २४-२५ |
| ३.१ | 'नेपाली लोकबाजा' निबन्धका तत्सम शब्दको अवस्था | २६-३१ |
| ३.२ | 'नेपाली लोकबाजा' निबन्धका तत्सम शब्दको वर्गगत अवस्था | ३२ |
| ३.३ | 'नेपाली लोकबाजा' निबन्धका तत्सम शब्दको आवृत्तिको अवस्था | ३२-३३ |
| ४.१ | 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धका तत्सम शब्दको अवस्था | ३४-३९ |
| ४.२ | 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धका तत्सम शब्दको वर्गगत अवस्था | ४० |
| ४.३ | 'चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा' निबन्धका तत्सम शब्दको आवृतिको अवस्था | ४०-४१ |
| ५.१ | 'मेरो देशको शिक्षा' निबन्धका तत्सम शब्दको अवस्था | ४२-४७ |
| ५.२ | 'मेरो देशको शिक्षा' निबन्धका तत्सम शब्दको वर्गगत अवस्था | ४७ |
| ५.३ | 'मेरो देशको शिक्षा' निबन्धका तत्सम शब्दको आवृत्तिको अवस्था | ४८ |
| ६.१ | 'पख्नोस्' निबन्धका तत्सम शब्दको अवस्था | ४९-५२ |
| ६.२ | 'पख्नोस्' निबन्धका तत्सम शब्दको वर्गगत अवस्था | ५२ |
| ६.३ | 'पख्नोस्' निबन्धका तत्सम शब्दको आवृत्तिको अवस्था | ५२ |

# अध्याय एक : परिचय

## १.१ पृष्ठभूमि

भाषा पाठ्यक्रमले तोकेका उद्देश्यहरूलाई पुरा गर्ने क्रममा बर्तमान नेपाली भाषा पाठ्यपुस्तक कक्षा नौ (२०७९) र कक्षा दश (२०८०) लाई यस शोधपत्रको प्रमुख सामाग्री मानिएको छ। भाषाको पाठ्यक्रमलाई क्रियाकलापमुखी, उद्देश्यमूलक र रुचिकर बनाउनका निम्ति भाषा पाठ्यपुस्तकमा साहित्यका कविता, कथा, जिवनी तथा रुपक विधालाई व्यवहारिक, समसामयिक र रोजगारमूलक विषयवस्तुको समष्टि गरिएको हुन्छ । भाषा प्रयोग गर्ने क्रममा मानवीय अवयवबाट उच्चारित ध्वनिका विभिन्न आर्जनलाई कथ्य र लेख्य स्वरूपमा विभाजन गर्न सकिन्छ । यसरी आर्जन हुने स्वरूप शब्दमा सङ्गठित भई वाक्य गठनमा रूपान्तरित हुन पुग्छन् । नेपाली भाषाको प्रयोग गर्ने क्रममा आएका शब्दहरूले वस्तु, व्यक्ति, स्थान, भाव, पदार्थ आदिलाई चिनाउने, अन्य शब्दको स्थानमा रही कार्य गर्ने, वस्तु वा व्यक्तिको थप जानकारी दिने, अकस्मात् उत्पन्न भावलाई चिनाउने, पद-पदावलीलाई जोड्ने, अर्थमा विशिष्टता दिलाउने जस्ता पृथक्-पृथक कार्य गर्दछन् ।

साहित्यका विविध विधाहरूमध्ये निबन्ध विधा एक गद्य रचना हो । खास गरी राम्ररी नबाँधिएको स्वतन्त्र रचनाका रूपमा निबन्धलाई लिइन्छ । निबन्धहरू बौद्धिक, सूत्रात्मक र वस्तुपरक हुन्छन् । यसको शाब्दिक अर्थ 'कुनै पनि सन्दर्भको अर्थ वा प्रसङ्गलाई एकै साथ बाँध्नु वा बुन्नु' भन्ने हुन्छ । यसरी सन्दर्भको अर्थलाई बाँध्ने क्रममा नेपाली भाषा पाठ्यपुस्तक अन्तर्गत कक्षा ९ र कक्षा १० मा पनि निबन्ध विधा छनौट गरी केही निबन्धहरू समावेश गरिएका छन् । ती निबन्धहरूको वाक्य गठन र अनुच्छेदसारका क्रममा नेपाली भाषाको कथ्य र लेख्य दुबै क्षेत्रमा प्रयोग हुने विभिन्न तद्भव, तत्सम र आगन्तुक शब्दको व्यापक प्रयोग गरिएको पाइन्छ । नेपाली भाषामा प्रयोग हुने तद्भव र आगन्तुक शब्दलाई यस शोधपत्रमा गणना मात्र गरिएको छ भने संस्कृत भाषाबाट जस्ताको तस्तै नेपाली भाषामा आएका तत्सम शब्दलाई मुख्य विषयवस्तु बनाइएको छ ।

प्रस्तुत शोधपत्रको शीर्षक **नेपाली भाषापाठ्यपुस्तक कक्षा नौ र दसका निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** रहेको छ । भाषा, शब्द, निबन्ध र तत्सम शब्दको परिभाषा गर्ने क्रममा विभिन्न विद्वान्हरूले स्पष्ट पारेको पाइन्छ । नेपाली भाषाको मूल स्रोत नै संस्कृत भाषा भएकाले संस्कृतबाट रूप परिवर्तन नभई जस्ताको तस्तै आएका शब्द तत्सम शब्द हुन् । *उदा. सूर्य, अग्नि, ईश्वर, अक्षर, विद्या* **(शर्मा र अन्य, २०६५ :२२५)** । यस्तै

किसिमका तत्सम शब्दको अध्ययन गर्नु यस शोधपत्रको ध्येय हो ।

स्वतन्त्र अर्थ भएको भाषाको सानो एकाइलाई शब्द मानिन्छ जसको अस्तित्वबोध बोल्दा र लेख्दा छुट्टै हुन्छ। **wikipedia Nepali, 2024 wtp://ne.wikipedia.org (पर्वत सुवेदी)** । संस्कृत भाषामा पनि निबन्धको प्रयोग र रचना भएका सामग्रीहरू पर्याप्त छन् । तसर्थ निबन्धमा तत्सम शब्दको प्रयोग प्रचूर मात्रामा हुनुलाई स्वभाविक मानिन्छ । भैरव अर्यालका अनुसार, कुनै विषयमा आफूले जानेको, सोचेको र लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य नै निबन्ध हो । **(दाहाल, २०६६ : ३९९)** । भाषामा शब्दको महत्वपूर्ण स्थान हुन्छ । एक वा एकभन्दा बढी अक्षर मिली बनेको स्वतन्त्र रूपमा प्रयोग हुन सक्ने भाषिक एकाइलाई शब्द भनिन्छ । **(विष्ट, २०८० :१)**
यहाँ कक्षा नौ र कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकका निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको खोज कार्य गरिएको छ ।यो शोधपत्रलाई तयार पार्नुपूर्व यही किसिमको यही कक्षाको यही विधाको तत्सम शब्दको अध्ययन नगरिएकाले, कुनै किसिमको अनुसन्धान भएको नदेखिएकाले नै यो शीर्षक छनोट गरिएको हो ।

**१.२ समस्या कथन**

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं. २०७९/२०८० देखि लागु हुने गरी कक्षा नौ र दशमा अनिवार्य नेपाली विषयको पाठ्यपुस्तक लागु गरिएको छ । यस पाठ्यपुस्तक अन्तर्गत कक्षा नौ का तीन ओटा निबन्ध र कक्षा दशका तीनओटा निबन्धमा प्रयुक्त तत्सम शब्दको अध्ययन गरिएको यो अनुसन्धान आफैँमा समस्यामूलक पाटो हो र यसको अध्ययन गर्नु गहन कार्य पनि हो । विद्यालयीय क्षेत्रमा नेपाली भाषाका तत्सम, तद्भव र आगन्तुक शब्दले खेल्ने महत्वपूर्ण भूमिकालाई मध्यनजर गर्दै शिक्षण गर्ने/ गराउने क्रममा शिक्षक विद्यार्थी दुबैलाई पाठमा प्रयुक्त तत्सम शब्दको प्रयोग, अर्थ, स्रोत, बनोट, उदाहरण, उच्चारणका कार्यमा कठिनता गराउन सक्छ । विद्यार्थीमा पनि तत्सम शब्दको वर्ग छुट्याउन थप मुस्किल हुने, वाक्य निर्माणमा समेत अन्यौलता बढ्ने गर्दछ। सोही समस्यालाई आधार मानी तयार पारिएको यो शोधपत्र निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

क) कक्षा ९ र १० का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्द के कति रहेका छन् ?

ख) तत्सम शब्दहरूको शब्दवर्ग र अर्थ के कस्ता छन् ?

ग) तत्सम शब्दहरूको बनोट प्रक्रिया र उच्चारण अवस्था के कस्ता छन् ?

घ) आवृत्ति भएका तत्सम शब्दहरू के कति छन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छ :

क) कक्षा ९ र १० का नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्द पहिचान गर्नु,

ख) निबन्धमा रहेका तत्सम शब्दहरूको शब्दवर्ग र अर्थ पत्ता लगाउनु,

ग) निबन्धमा रहेका तत्सम शब्दहरूको बनोट प्रक्रिया र उच्चारण शैली पत्ता लगाउनु र

घ) उक्त निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको आवृत्ति पत्ता लगाउनु ।

## १.४. अध्ययनको औचित्य र महत्व

यस शोधकार्यमा कक्षा ९ र १० को नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको पहिचान गरी ती शब्दको शब्द स्रोत, उच्चारण, बनोट प्रक्रिया, अर्थ वा तात्पर्य आदिको प्रस्तुत गर्नका निम्ति यो शीर्षक छनोट गरिएको हो । तत्सम शब्दको अध्ययनले भाषालाई सरल, सहज, सबलीकरण र मिठासपूर्ण बनाउनुका साथै अर्थ पहिचानमा जटिलतालाई सरलतातिर लैजाने हुनाले यसको अध्ययन औचित्यपूर्ण रहेको छ ।

यो शोधकार्य शिक्षक र विद्यार्थीका लागि कुशल शिक्षण गर्न र व्यावहारिक सिकाइ अभिवृद्धि गर्न ; पाठ्यक्रम, पाठ्यपुस्तक निर्माता र भावी शोधकर्ताका लागि उपयुक्त सामग्री बन्न सक्छ । खास गरी यस शोधपत्रले विगतमा भएका शोधकार्यले परिवर्तित पाठ्यक्रम अनुरूप समाविष्ट तत्सम शब्दको खोजी र विश्लेषण पर्याप्त नभएको किटान गर्छ । तसर्थ शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक, भावी शोधार्थी, समालोचक आदि सबै पक्षलाई सहयोगी साबित हुने भएकाले यस शोधकार्यको औचित्य र महत्व रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधपत्र कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट तीन ओटा निबन्ध र कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट तीन ओटा निबन्धमा प्रयुक्त प्रत्सम शब्दको खोजी गरी ती शब्दको शब्दवर्ग, स्रोत, उच्चारण, व्युत्पत्ति, अर्थ र आवृत्तिको विश्लेषण गर्ने कार्यमा मात्र केन्द्रित रहेको छ ।

## १.६ पारिभाषिक शब्दहरू

क) पाठ्यक्रम : वृहत् शैक्षिक योजना

ख) पाठ्यपुस्तक : विद्यालयमा विद्यार्थीले औपचारिक रूपमा पढ्नुपर्ने पुस्तक

ग) तत्सम : संस्कृत भाषाबाट नेपाली भाषामा जस्ताको तस्तै आएर प्रयोग भएका शब्द

घ) उपसर्ग : मूल शब्दको अगाडि जोडिने सर्ग

ङ) प्रत्यय : मूल शबदका पछाडि जोडिने सर्ग

च) आवृत्ति : बारम्बार दोहोरिने अवस्था

छ) शोधपत्र : कुनै विषयमा अध्ययन गरी तयार पारिएको लेख

ज) शोधार्थी :कुनै विषयमा शोध वा अनुसन्धान गर्ने व्यक्ति

झ) भाषा पाठ्यपुस्तक : भाषा शिक्षणमा प्रयोग हुने पुस्तक

ञ) विधा : काव्य वा साहित्यमा प्रचलित खास खास विषय क्षेत्र

ट) पुस्तकालय : विभिन्न विषयका पुस्तकहरूको सङ्ग्रह गरेर राखिएको घर/ठाउँ

## १.७ शोधपत्रको रूपरेखा/अध्याय योजना

यस अध्ययनमा निम्नलिखित अध्याय योजना रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

अध्याय तीन : अध्ययनको प्रक्रिया र विधि

अध्याय चार : नतिजा/परिणाम र छलफल

अध्याय पाँच : निष्कर्ष, सुझाव तथा उपयोगिता

# अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि नवीन कार्यको प्रादूर्भाव गर्नु अगावै विगतमा उक्त कार्यसँग सम्बन्धित कार्य भए नभएको यकिन गर्नुपर्दछ । पहिले नै उक्त विषयसँग सम्बन्धित अध्ययन अनुसन्धान भएको भए वर्तमान र भविष्यमा समेत त्यसले सहयोगी भूमिका निर्वाह गर्दछ । विगतमा गरिएको अध्ययनको तरिका, अपनाइएका विधि, देखा परेका समस्या र परिणाम आदिको अध्ययन गर्ने क्रममा पूर्वकार्यको अध्ययनको मूल्याङ्कन गरी सो अध्ययनलाई निष्कर्षमा लगिन्छ। नवीनतम् सिद्धान्त, धारणा र विधिका क्षेत्रमा महत्वपूर्ण जानकारी दिलाउने भएकाले स्तरीय अनुसन्धान कार्यका लागि पूर्वकार्यको समीक्षा गर्नु आवश्यक देखिन्छ ।

यो अध्ययन कक्षा ९ र १० को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयोग भएका तत्सम शब्दहरूको अध्ययनमा केन्द्रित छ ।अघिल्ला अनुसन्धानले पछिल्ला कार्यका लागि मार्गनिर्देशन गर्ने भएकाले शोधकार्य गर्नु अगाडि सम्बन्धित विषयमा पहिले भएका मिल्दाजुल्दा अध्ययन, अनुसन्धान, लेख, रचना, टिपोट, अप्रकाशित शोधपत्र आदिको व्यवस्थित अध्ययन गरिन्छ । विभिन्न तहका पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनलाई अनुसन्धानको विशिष्ट क्षेत्रको रूपमा लिइन्छ।तसर्थ प्रस्तुत शीर्षकका लागि उपयोगी हुने पूर्वकार्यको समीक्षा गर्ने प्रयत्न गरिएको छ ।

कार्की (२०७०) द्वारा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन शीर्षकमा जनता बहुमखी क्याम्पस, इटहरीबाट स्नातकोत्तर उपाधि हासिल गर्ने उद्देश्यले शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभागबाट शोधकार्य पूरा भएको पाइन्छ । प्रस्तुत अध्ययनमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा समाविष्ट तत्सम शब्दहरूको वर्ग, अर्थ, व्युत्पत्तिको अध्ययनलाई प्रमुख उद्देश्य मानी पुस्तकालयीय विधिद्वारा तत्सम शब्दहरूको अध्ययन विश्लेषण गरिएको छ । तत्कालीन पाठ्यपुस्तकमा समाविष्ट पाठगत निबन्धको उक्त अध्ययनले समय सापेक्ष विद्यार्थी र शिक्षक दुबैलाई सहयोगी सामग्री उपयोगी रहेको पाइन्छ । साथै कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा र निबन्ध विधामा रहेका तत्सम शब्दहरूको पदवर्गभित्र नाम, शब्द बढी प्रयोग भएको र विशेषण शब्द बढी प्रयोग भएको निष्कर्ष निकालिएको छ (कार्की, २०७०: पृ. ६६ ) । अधिकारी (२०७५) द्वारा कक्षा नौ र दसको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम

शब्दहरूको अध्ययन शीर्षकमा त्रि.वि. शिक्षा शास्त्र सङ्काय अन्तर्गत जनता बहुमुखी क्याम्पसबाट नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निम्ति शोधपत्र तयार भएको पाइन्छ । तत्कालीन नेपाली पाठ्यपुस्तकको कक्षा नौ र दशमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको शब्दवर्गको वर्गीकरण, बनोट र व्युत्पत्ति प्रक्रियाको प्रस्तुतीकरण, अर्थ, व्यवस्थापन र शब्दहरूको आवृत्तिको अवस्थालाई प्रस्तुत गर्ने मुख्य उद्देश्य राखी तयार पारिएको उक्त शोधपत्रमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधिको प्रयोग गरिएको छ । पाठ र विधा छुट्याउँदै प्रत्येक निबन्धको प्रस्तावना/परिचय समेत दिएर तत्सम शब्द, वर्ग, व्युत्पत्ति, अर्थ, पृष्ठसङ्केतको तालिकीकरण गरिएको छ । लेखकको परिचयसँगै शब्द सङ्ख्या र प्रतिशत उल्लेख गरी पुनः शब्दावृत्तिको तालिकीकरण गरिएको उक्त शोधपत्रको निष्कर्ष, सुझाव र उपयोगितालाई समेत ध्यानमा राखिएको छ ।

याख्या (२०७४) ले नेपाली पाठ्यपुस्तकको नेपाली विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकको शोधपत्र तयार पार्नुभएको छ । शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभाग जनता बहुमुखी क्याम्पसबाट स्नातकोत्तर उपाधि प्राप्तिको प्रयोजनार्थ तयार पारिएको उक्त शोधपत्रमा माध्यमिक तह कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् भन्ने पत्ता लगाउने, निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउने र निबन्धमा तत्सम शब्दहरूको अवस्था र आवृत्ति पत्ता लगाउने उद्देश्य राखी तत्सम शब्दहरूको खोजी गरेर उच्चारण, प्रकृति, बनोट, वर्ग, अर्थ, पाठको शीर्षक आदिको विश्लेषण गर्न पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधि अपनाइएको छ । प्रस्तुत अध्ययन माध्यमिक शिक्षा अन्तर्गत कक्षा नौ को नेपाली पाठ्यपुस्तकका निबन्ध विधामा तत्सम शब्दहरूको अध्ययन र कक्षा दसको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा तत्सम शब्दको अनुसन्धान कार्य सम्पन्न भई आगन्तुक शब्दहरूको क्षेत्रमा त्यति धेरै अनुसन्धान नभएको तथ्यलाई अघि सारेर यो कार्य सम्पन्न गरिएको छ (याख्या, २०७४ : ४४) ।

दाहाल (२०६७) द्वारा शैक्षिक प्रयोजनका लागि कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा जनता बहुमुखी क्याम्पस नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपा.शि. ५९८ को प्रयोजनार्थ शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्रमा निबन्धको सैद्धान्तिक स्वरूप, स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण, शब्द निर्माण प्रक्रिया, शब्दार्थ, पृष्ठ सङ्ख्या आदि उल्लेख गरिएको पाइन्छ । निबन्धको सैद्धान्तिक स्वरूप, वर्गीकरण र पाठमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन

गर्नु मुख्य उद्देश्य रहेको यस शोधकार्यमा पाठ्यपुस्तक विधि, शिक्षक निर्देशिका तथा शिक्षकका सुझाव आदि विधि अवलम्बन गरिएको यो शोधकार्य एक महत्वपूर्ण स्रोत सामग्रीका रूपमा रहेको छ ।

खत्री (२०७४) द्वारा नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका तत्सम शब्दहरूको अध्ययन शीर्षकको शोधपत्र तयार भएको छ । उक्त शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निम्ति जनता बहुमुखी क्याम्पसबाट तयार भएको पाइन्छ । तत्कालीन पाठ्यांश कक्षा दशको नेपाली विषयमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको खोजी गरी अध्ययन विश्लेषण गर्नु उक्त शोधपत्रको औचित्य रहेको पाइन्छ ।विद्यार्थी र शिक्षकमा मात्र नभई पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माता अन्य सरोकारवाला लगायत साहित्यप्रेमीहरू समेतलाई यस शोधपत्रले मार्गनिर्देशन गरेको पाइन्छ । पाठ्य निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको खोजी, वर्ग पहिचान, व्युत्पत्ति, अर्थ र पृष्ठ उल्लेख गरिएको यो सामग्रीले कक्षा दशका तीन ओटा निबन्धको परिचय समेत खुलाएको छ । पुस्तकालयीय विधि र पाठ्यपुस्तक विधिको अवलम्बन गरेको यो शोधपत्र पनि एक महत्वपूर्ण स्रोत सामग्रीको रूपमा रहेको पाइन्छ ।

प्रस्तुत शोधकार्य गर्नुपूर्व नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध, कथा, संवाद लगायतका विधामा प्रयुक्त अन्य थुप्रै अध्ययन अनुसन्धान भएको पाइन्छ। दाहाल (२०६७), कार्की (२०७०), याख्या (२०७४) आदिले गरेका तत्सम शब्दको अध्ययनलाई केलाउँदै जाँदा यो शोधपत्र वर्तमान नेपाली पाठ्यपुस्तक कक्षा नौ (२०७९) र कक्षा दश (२०८०) मा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन अन्यभन्दा केही पृथक् र मौलिक छ ।

### २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

तत्सम शब्दहरूको अध्ययन सम्बन्धी गरिएका अनुसन्धानहरूले पाठगत रूपमा प्रयुक्त तत्सम शब्दहरूको पहिचान, शब्द सङ्कलन, वर्ग निर्धारण, निर्माण प्रक्रिया, उच्चारण शैली, अर्थ, वाक्य निर्माण र शब्द आवृत्तिको गणना समेत गरिएको पाइन्छ । यस अघि शोधार्थी अधिकारी (२०७५) ले अघिल्लो संस्करणको नेपाली पाठ्यपुस्तक कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । उनले उक्त शोधकार्यमा कक्षा नौ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट 'म को हुँ' र 'जैविक खेती' र कक्षा दशका 'थाङ्का', 'हाम्रो संस्कृति' र 'जयभुँडी' निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको गहन अध्ययन

गरेकी छिन् । यस शोधपत्रमा प्रत्येक निबन्धबाट जम्मा शब्द सङ्ख्या, निबन्धको पाठ सङ्ख्या, तत्सम शब्द प्रयोग भएको पृष्ठ, कूल शब्द सङ्ख्याको प्रतिशत आदिको विश्लेषण गर्नुका साथै प्रत्येक निबन्धमा आवृत्ति भएका शब्द र आवृत्ति सङ्ख्या, सबैभन्दा बढी आवृत्ति भएका तत्सम शब्द र कम आवृत्ति भएका शब्द सङ्ख्या पनि उल्लेख गरिएको छ । तसर्थ यो शोधकार्य अत्यन्तै उपयोगी ठहरिन्छ ।

यसरी पूर्वकार्यको अध्ययन गर्दा आफूलाई दिशानिर्देशको रूपमा विभिन्न शोधकार्यहरू रहेको पाइयो ।यसर्थ; भविष्यमा यस प्रकारका अनुसन्धानहरू अत्यन्तै बहुउपयोगी हुने छन् भन्ने महसुस गरिएको छ। पूर्वकार्यको समीक्षाबाट प्राप्त भएका मुख्य उपयोगिता निमनलिखित छन् :

क) शोधशीर्षकको छनोट

ख) शोधको प्रारम्भिक रूपरेखा निर्माण

ग) सामग्री सङ्कलन

घ) तालिकीकरण र

ङ) विश्लेषण

## २.३ सैद्धान्तिक र धारणात्मक संरचना

यो शोधपत्र तयार गर्नका लागि सम्बन्धित विषयमा आधारित भई गरिएका शोधकार्यहरूलाई सूक्ष्म रूपमा अध्ययन गरिएको छ । यस अनुसन्धानलाई मूर्त आकार दिई तयार पार्न नेपाली वृहत् शब्दकोश, रत्न नेपाली शब्दकोश, संक्षिप्त नेपाली कोश, शब्दार्थ सङ्ग्रह, व्युत्पतिमूलक संस्कृत नेपाली शब्दकोश, प्रज्ञा नेपाली बृहत् शब्दकोश, नेपाली शब्दकोश  र कक्षा नौ तथा दशका नेपाली पाठ्यपुस्तकलाई आधार मानिएको छ । यसैगरी पाठ्यक्रम विकास केन्द्रले तयार पारेको मा.वि. तह कक्षा नौ को नेपाली भाषा पाठ्यपुस्तक (२०७९) र कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तक (२०८०) मा समावेश गरिएका छ  ओटा निबन्धहरूमा प्रयुक्त तत्सम शब्दहरूको पहिचान र विश्लेषण गरी यो शोधपत्र तयार पारिएको छ ।

# अध्याय तीन : अध्ययनको प्रक्रिया र विधि

## ३.१ अध्ययनको संरचना

कक्षा नौ र दशको नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको पहिचान गरी सङ्ख्यात्मक गणना, पुस्तकालयीय खोज, विभिन्न सामग्री सङ्कलन र प्रयोग गर्दै शब्दवर्ग, उच्चारण, बनोट प्रक्रिया र अर्थ उल्लेख गरिएकाले प्रस्तुत शोधपत्र गुणात्मक प्रकृतिको रहेको छ । पाठमा प्रयुक्त तत्सम शब्दहरूको गुणात्मक खोजी गरी ती शब्दको शब्दवर्ग, बनोट प्रक्रिया, अर्थ, उच्चारण, पाठको शीर्षक, पाठगत  पृष्ठसङ्ख्या, आवृत्ति र पाठगत परिचय समेतका आधारमा विश्लेषण गरिएको छ । सम्बन्धित पाठ्यपुस्तकबाट तथ्याङ्क सङ्कलन गरी पाठ्यपुस्तक विधि र विश्लेषण विधि अपनाइएको यो शोधपत्र गुणात्मक प्रकृतिको रहेको छ ।

## ३.२ जनसङ्ख्या र नमुना

यस अध्ययनमा कक्षा नौ र दशका वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट छ ओटा निबन्धमा प्रयोग भएका सम्पूर्ण तत्सम शब्दहरूलाई नमुनाका रूपमा लिइएको छ ।

## ३.३ नमूना छनोट प्रक्रिया

प्रस्तुत शोध अध्ययनमा कक्षा दशबाट तीन ओटा निबन्ध र कक्षा नौबाट तीन ओटा निबन्धलाई आधार मानी नमूनाको छनोटमा स्तरीकृत र क्रमबद्ध प्रक्रिया अवलम्बन गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत शोधकार्य प्राथमिक तथा द्वितीयक स्रोत सामग्रीको प्रयोगमा आधारित छ।मुख्य रूपमा पुस्तकालयीय कार्य, विद्युतीय सञ्चार माध्यम, कक्षा नौ र दसका नेपाली भाषापाठ्यपुस्तक, विभिन्न लेखक, भाषाविद् र व्याकरणका पुस्तक आदिलाई सामग्रीका रूपमा अवलम्बन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययन कक्षा नौ र कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकका निबन्ध विधामा केन्द्रित छ । सम्बन्धित पाठमा प्रयुक्त तत्सम शब्द पहिचानका लागि नेपाली पाठ्यपुस्तक कक्षा नौ र दशलाई नै प्राथमिक स्रोतका रूपमा उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतका अलावा तथ्य वा सामग्री सङ्कलन गर्न द्वितीयक स्रोतहरू अन्तर्गत विभिन्न पाठ्यपुस्तक, शिक्षक निर्देशिका, शोधपत्रहरू, सन्दर्भ पुस्तकहरू, नेपाली वृहत् शब्दकोश, संक्षिप्त नेपाली शब्दकोश, प्रज्ञा नेपाली बृहत् शब्दकोश, व्युत्पतिमूलक संस्कृत नेपाली शब्दकोश, तथा नेपाली शब्दकोश आदिको प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोधपत्रको तथ्याङ्क सङ्कलन गर्न वर्तमान नेपाली पाठ्यपुस्तक कक्षा नौ र दशमा समावेश गरिएका निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिएको छ । पुस्तकालयीय विधिबाट तथ्याङ्क सङकलन गरिएको यस शोधपत्रमा तत्सम शब्दहरूको विश्लेषणका निम्ति नेपाली व्याकरण, भाषाविज्ञानका पुस्तकहरू, शैक्षिक अनुसन्धानका पुस्तकहरू, नेपाली शब्दकोशहरू, अप्रकाशित शोधपत्रहरू, शिक्षक सुझाव र निर्देशनलाई अवलम्बन गरिएको छ ।विश्लेषणात्मक विधि अपनाई तत्सम शब्दको विश्लेषण गरी यो अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

जुनसुकै पनि अनुसन्धान कार्य तथ्यमा केन्द्रित हुने हुनाले शोधकार्यको सम्पन्नताका लागि सन्दर्भ अनुकूल तथ्याङ्कहरूको सङ्कलन गर्न निश्चित विधि र प्रक्रिया अपनाइन्छ। यस शोधपत्रमा कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयोग भएका तत्सम शब्दहरूको सङ्कलन गरी नेपाली वृहत् शब्दकोश, रत्न नेपाली शब्दकोश, प्रज्ञा नेपाली शब्दकोश, विभिन्न पाठ्यपुस्तक, व्याकरण र अन्य सम्बन्धित पुस्तकहरूबाट तत्सम शब्दको अर्थ, निर्माण प्रक्रिया, शब्दवर्गको स्थिति, तत्सम शब्दको अवस्था  र आवृत्तिको अध्ययनपछि विश्लेषण गर्ने प्रयत्न गरिएको छ । पाठगत तत्सम शब्दको वितरवण र आवृत्तिको अवस्थालाई तालिकीकरण गरिएको छ । अन्तमा अनुसन्धानको सीमाभित्र परेका निबन्धहरूमा प्रयोग भएका तत्सम शब्दको अध्ययनबाट प्राप्त नतिजालाई समेत विश्लेषण गरिएको छ ।

# अध्याय चार : नतिजा/ परिणाम र छलफल

## ४.१ नतिजा र परिणाम

संस्कृत भाषाबाट जस्ताको तस्तै वा कुनै पनि रुप परिवर्तन नभई नेपाली भाषामा प्रयोग हुन् आउने शब्दहरू तत्सम शब्द हुन् ।संस्कृत भाषामा 'तत्' भनेको 'त्यो' र 'सम्' भनेको 'समान' भन्ने अर्थ लाग्छ । तसर्थ 'तत् समान' वा 'संस्कृत समान' बनेर नेपाली भाषामा प्रयोग हुने गरेका तमाम् शब्दहरू तत्सम हुन् ।

प्रस्तुत शोधपत्रमा कक्षा नौ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट तीन ओटा र कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समावेश भएका तीनओटा निबन्धहरूमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिएको छ । यसरी गरिएको अध्ययनमा एकै पाठमा प्रयोग भएका वा आवृत्त भएका तत्सम शब्दहरूलाई तालिकामा समावेश गरिएको छैन । अध्ययन गर्ने क्रममा अघिल्ला पाठहरूमा समावेश भइसकेका तत्सम शब्दलाई पछिल्ला पाठमा त्यसको उच्चारण, वर्ग, अर्थ, र आवृत्त उल्लेख नगरी प्रस्तुत शोधकार्यलाई केहि मितव्ययी/छोटो बनाउन खोजिएको छ ।

कक्षा नौ अन्तर्गत पा.वि.के.का सम्पादक मण्डलीमार्फत तयार भएका दुईओटा निबन्ध र निबन्धकार राजेन्द्रमान डंगोलमार्फत रचना गरिएको एक यात्रापरक (नियात्रा) निबन्ध गरि तीन ओटा निबन्ध तथा कक्षा दश अन्तर्गत पा.वि.के का सम्पादक मण्डलीबाट प्रकाशन भएका दुई ओटा र वरिष्ठ हाँस्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालद्वारा रचानाकृत एक निबन्ध गरि जम्मा छ ओटा निबन्धहरूलाई गहन अध्ययन गर्दा सबै निबन्धहरू स्तरीय र औचित्यपूर्ण रहेको पाइयो ।

### ४.१.१ करेसाबारी निबन्धमा प्रयुक्त तत्सम शब्द

'**करेसाबारी**' निबन्ध कक्षा नौ को नेपाली पाठ्यपुस्तकअन्तर्गत पाठ तीनमा समाविष्ट भएको एक वर्णनात्मक निबन्ध हो । घरले चर्चेर बाँकी रहेको घर वरिपरिको खाली जमिनलाई करेसाबारी भनिन्छ। विशेष गरि करेसाबारीमा दैनिक उपभोग्य तरकारीबाली, फलफूल आदि लगाउने परिपाटी छ । करेसाबारीलाई कसरी प्रयोग गर्ने ? कुन - कुन बाली कुन याममा कसरी लगाउने ? करेसाबारीलाई उपयोगी कसरी बनाउने ? यसको महत्त्व कस्तो छ ? र करेसाबारीबाट कसरी धेरै फाइदा लिन सकिन्छ ? भन्ने कुरालाई विस्तृत रुपमा यस निबन्धमा उल्लेख गरेको पाइयो। रासायनिक मल र रासायनिक औषधिको प्रयोग गरेर गरिएको खेतीभन्दा जैवीक / परम्परागत विधिबाट गरिएको खेती स्वस्थकर , गुणस्तर र प्रभावकारी हुने तथ्यलाई प्राथमिकता दिइएको यो निबन्ध पृष्ठ २५ देखि पृष्ठ २८ सम्म साना ठुला

गरेर जम्मा नौ अनुच्छेदमा संरचित छ । जसमा प्रयोग भएका विविध प्रकारका शब्दहरूमध्येबाट तत्सम शब्दको मात्र छनौट गरि यस अध्ययनको विषयवस्तु बनाइएको छ ।

यस निबन्धमा भएका तत्सम शब्दको वर्ग, उच्चारण प्रक्रिया व्युत्पति , अर्थ र आवृत्तिलाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं १.१ 'करेसाबारी' निबन्धका तत्सम शब्दको अवस्था**

| क्र.स. | शब्द | उच्चारण | वर्ग | व्युत्पति | अर्थ |
|---|---|---|---|---|---|
| १ | अधिकांश | अधिकाम्स | वि. | अधि+कांश | धैरैजसो , अधिकतर |
| २ | अन्तर्गत | अन्तर् गत् | नायो. | अन्तर+गत | अधीनमा , मातहतमा |
| ३ | अभियान | अभियान् | ना. | अभि+यान | कुनै विशेष कार्य वा गतिविधि |
| ४ | अभ्यास | अब्भ्यास् | वि. | अभि+आस | पुनरावृत्ति,कुनै कार्य वा सीपलाई दोहोर्याउने काम |
| ५ | अवशेष | अबसेस् | ना. | अव+शेष | बचेको वस्तु, शेष , बाँकी |
| ६ | अवस्था | अबस्था | ना. | अव+स्था | कुनै कार्य वा घटनाको स्थिति |
| ७ | असुरो | असुरो | ना. | अट+रुष | फूल फुल्ने वृक्ष विशेष |
| ८ | आँगन | आँगन | ना. | मूल | घर अगाडिको सम्म परेको जग्गा |
| ९ | आकार | आकार् | ना . | आ+कार | स्वरूप,आकृति |
| १० | उचित | उचित् | वि. | मूल शब्द | उपयुक्त, सुहाउँदो |
| ११ | उत्पादकत्व | उत्पदकत्त्व | ना. | उत्पादक+त्व | वस्तुको उत्पादन क्षमता बढाउने |
| १२ | उत्पादन | पादन् | ना. | उत्+पाद+अन | उब्जाउने वा उत्पन्न गर्ने कार्य |
| १३ | उपयुक्त | उपयुक् त | वि. | उप+ युक्त | कुनै कामका लागि उचित |
| १४ | उपयोग | उपयोग | ना. | उप+योग | कुनै वस्तुलाई प्रयोगमा ल्याउने काम |
| १५ | औषधी | औसधि | ना. | औषध + ई | ओखति |
| १६ | कन्दमूल | कन्दमुल् | ना. | कन्द + मूल | माटोमुनि जरामा फल्ने फल |
| १७ | कारण | कारण् | ना. | कृ+अन | परिणाम वा प्रभावको हेतु |
| १८ | किटनाशक | किटनासक | ना. | कीट+नाशक | कीरालाई नाश गर्ने औषधी विशेष |
| १९ | क्रम | क्रम | ना. | मूल शब्द | एकपछि अर्को वस्तुको रखाई |
| २० | खाद्य | खाद् द्य | ना. | खाद्+य | खान योग्य वस्तु |
| २१ | गन्ध | गन्ध | ना. | मूल शब्द | महक, बास |
| २२ | गहुँत | गहुँत | ना. | गाई+मुत | गाईको पिसाब |
| २३ | गुण | गुण | ना. | मूल शब्द | विशेषता |
| २४ | गुणस्तर | गुण् स्तर | ना. | गुण+स्तर | कुनै वस्तुमा हुनुपर्ने गुणको मात्रा, परिणाम |
| २५ | घाम | घाम् | ना. | मूल शब्द | सुर्य |
| २६ | जङ्गल | जङ् गल् | ना. | मूल शब्द | बन |
| २७ | जात | जात् | वि. | जा+त | प्राणी वा वनस्पतिको प्रकार |
| २८ | तापक्रम | तापक्रम् | ना. | ताप+ क्रम | तातोपन |
| २९ | तुषारो | तुसारो | ना. | तुष+ आरो | हिँउ,तुषार |
| ३० | दृश्य | द्रिस्स्य | वि. | दृश्+ य | आँखाले देख्न सकिने देखाई |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | धतुरो | धतुरो | ना. | मूल शब्द | औषधि विशेष बोट |
| ३२ | ध्यान | ध्यान् | ना. | ध्यै+ न | एकाग्रता, तल्लिनता |
| ३३ | नयाँ | नयाँ | वि. | मूल शब्द | भर्खर देखा परेको |
| ३४ | नियमित | नियमित् | वि. | नियम+ इत | निरन्तर,लगातार |
| ३५ | निश्चित | निस्चित् | वि. | निस्+ चित | निश्चय भएको, पक्का |
| ३६ | नीम | निम् | ना. | निम्ब | तितो स्वाद हुने वनस्पति, निम |
| ३७ | पदार्थ | पदार्थ | ना. | पद्+अर्थ | तत्त्व, |
| ३८ | परिकार | परिकार् | ना. | परि+ कार | खानेकुराका प्रकार |
| ३९ | परिचित | परिचित् | वि. | परि+चि+ त | चिनिएको |
| ४० | पर्खाल | परखाल | ना. | मूल शब्द | दिवाल, गारो |
| ४१ | पश्चात | पस्चात् | क्रीयो. | पश्च+ आत् | कुनै काम सकिएपछि, पछाडि |
| ४२ | पारिवारिक | पारिबारिक् | वि. | परिवार+इक | परिवारसँग सम्बन्धित |
| ४३ | पुनः | पुनह् | क्रीयो. | मूल शब्द | फेरिपनि |
| ४४ | प्रकार | प्रकार् | ना. | प्र+ कार | किसिम, थरि |
| ४५ | प्रकृति | प्रक्रिति | ना. | प्र+ कृति | प्राकृत वस्तु |
| ४६ | प्रकोप | प्रकोप् | ना. | प्र+ कोप | रोग, महामारी |
| ४७ | प्रजाति | प्रजाति | ना. | प्र+ जाति | जातिभित्रको भेद, सानो वर्ग |
| ४८ | प्रभावकारी | प्रभाब्कारि | वि. | प्रभाब+ कारी | प्रभाब दिन सक्ने गुण भएको |
| ४९ | प्रयोग | प्रयोग् | ना. | प्र+ योग | उपयोग गर्ने काम |
| ५० | प्रविधि | प्रबिधि | ना. | प्र+ विधि | विज्ञानका कुरालाई प्रयोग गर्ने विधि |
| ५१ | प्रशस्त | प्रसस्त | वि. | प्र+शंस+त | धेरैजसो , अधिकतर |
| ५२ | प्राङ्गरिक | प्राङ्गारिक् | वि. | प्राङ्गार+ इक् | पात पतिङ्गर कुहाएर बानाएको मल |
| ५३ | फल | फल् | ना. | मूल शब्द | रुखमा फल्ने गुदी वा वस्तु |
| ५४ | फूल | फुल् | ना. | मूल शब्द | फक्रेको कोपिला, पुष्प |
| ५५ | भाद्र | भाद्द्र | ना. | मूल शब्द | विक्रम संवतको पाँचौ महिना, भदौ |
| ५६ | भान्सा | भान्सा | ना. | मूल शब्द | खाना पकाउने स्थान, खाना , भात |
| ५७ | भूगोल | भुगोल् | ना . | भू+गोल | पृथ्वी |
| ५८ | मनोरन्जन | मनोरन्जन् | ना. | मानस् + रञ्जन | मन प्रसन्न बनेको अवस्थामा हुने कार्य , मनिविनोद |
| ५९ | मल | मल् | ना. | मूल शब्द | गोबर, पतिङ्गर आदि कुहाएर तयार पारिएको मलिलो वस्तु |
| | मात्रा | मात्त्रा | ना. | मूल शब्द | कुनै वस्तुको परिणाम, नाप |
| ६१ | मिर्गौला | मिर्गौला | ना. | मूल शब्द | ढाडको फेदमा हुने अङ्ग |
| ६२ | मुक्ति | मुक्ति | ना. | मुच्+ ति | छुटकारा |
| ६३ | मुटु | मुटु | ना. | मूल शब्द | हृदय, नाभिकीय अंग |
| ६४ | रासायनिक | रासायनिक् | वि. | रसायन+ ईक् | रसायन सम्बन्धि |
| ६५ | रेखांकन | रेखाङ्कन् | ना. | रेखा+ अंकन | धर्को तान्ने काम |
| ६६ | वर्गीकरण | बर् गिकरण | ना. | वर्ग+ ई+ करण | समुहको विभाजन |
| ६७ | वर्षा | वर्सा | ना. | वर्स+ आ | वृष्टि, झरी |
| ६८ | वसन्त | बसन्त | ना. | मूल शब्द | छ ऋतुमध्ये चैत्र वैसाखमा पर्ने समय |
| ६९ | वाञ्छनीय | बान्छनीय | वि. | वाञ्छ+ अनीय | इच्छा गर्नुपर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ७० | वातावरण | बातावरण् | ना. | वात+ आवरण | सेकोफेरो |
| ७१ | वातावरणीय | बाताबरणिय | वि. | वातावरण+ ईय | वातावरणसँग सम्बन्धित |
| ७२ | वानस्पतिक | वानस्पतिक् | वि. | बनस्पति+ ईक | |
| ७३ | विधि | बिधि | ना. | वि+ धि | शैली, काम गर्ने तरिका |
| ७४ | विविधता | बिबिध्ता | ना. | विविध+ ता | अनेकता |
| ७५ | विशेष | बिसेस् | वि. | वि+ शेस | बढी महत्वको, विशिष्ट |
| ७६ | विषाक्त | बिसाक्त | वि. | बिस+ अक्त | विशालु , विषमय |
| ७७ | विषादी रहित | बिसादिरहित् | वि. | विस+आदि+रह+इत | विष नरहेको |
| ७८ | विषादीयुक्त | बिसादियुक्त | वि. | विसाद+ ई+ युक्त | विषले भरिपूर्ण |
| ७९ | वृद्धि | ब्रिद्धि | ना. | वृध् + ति | बढ्ने वा थपिने काम |
| ८० | व्यवस्थापन | ब्याबस्थापन् | ना. | व्यवस्था+ अन | उचित प्रबन्ध |
| ८१ | व्यायाम | ब्यायाम् | ना. | वि+ आयाम | कसरत |
| ८२ | व्यावसायिक | ब्याब्सायिक् | वि. | व्यसाय+ईक | व्यवसायसँग सम्बन्धित |
| ८३ | शरीर | सरिर् | ना. | मूल शब्द | प्राणिको आकृति |
| ८४ | संरक्षण | सम्रक्छयण् | ना. | सम् + रक्षण | अगेर्ना |
| ८५ | सतर्क | सतर्क | वि. | स+तर्क | सावधान , होसियार |
| ८६ | सदुपयोग | सदुपयोग | ना. | सत् +उपयोग | उपयुक्त प्रयोग |
| ८७ | सन्तुलन | सन्तुलन् | ना. | सम+तुल्+अन | परस्परलाई समान स्तरमा ल्याउने काम |
| ८८ | समग्र | समग्र | वि. | सम्+अग्र | सम्पूर्ण |
| ८९ | समुचित | समुचित् | वि. | सम्+उचित | धेरै दृष्टिले उचित |
| ९० | समूह | समुह | ना. | सम्+ऊह | वस्तुको समुच्चय, जम्मा भएको |
| ९१ | सम्भव | सम्भब् | वि. | सम्+भव | हुन् सक्ने, सम्भाव्य |
| ९२ | सम्भावना | सम्भाबना | ना. | सम्+भावना | सम्भाव्यता |
| ९३ | सहयोग | सहयोग् | ना. | सह+योग | सहायता |
| ९४ | सामान्यतया | सामान्यतया | क्रियो. | सामान्य+तया | सामान्यतः, धेरैजसो |
| ९५ | सेवन | सेबन् | ना. | सेव्+अन | उपयोग गर्ने काम |
| ९६ | सौन्दर्य | सौन्दर्य | ना. | सुन्दर+य | सुन्दर,आकर्षण गर्ने |
| ९७ | स्थान | स्थान् | ना. | स्था+न | आधार,ठाउँ |
| ९८ | स्थिति | स्थिति | ना. | स्था+ति | खास समयको अवस्था |
| ९९ | स्रोत | स्रोत् | ना. | स्रु +त | मुहान |
| १०० | स्वच्छ | स्वच्छ | वि. | सु+अच्छ | प्रदुषण रहित |
| १०१ | स्वस्थ | स्वस्थ | वि. | स्व+स्थ | निरोगी , तन्दुरुस्त |
| १०२ | हिउँद | हिउँद् | ना. | हिमद् | जाडो याम |

**"करेसाबारी "** निबन्धमा जम्मा १२६९ ओटा शब्द प्रयोग भएकोमा १०२ ओटा (८.०३%) तत्सम शब्द रहेको पाइयो। प्रयोगका दृष्टिले यो सङ्ख्या ठिकै मानिन्छ। यस निबन्धमा प्रयोग भएका तत्सम शब्दको वर्ग, सङ्ख्या र प्रतिशत निम्नबमोजिम रहेको पाइयो :

**तालिका नं - १.१ 'करेसाबारी' निबन्धका तत्सम शब्दको वर्गगत अवस्था**

| शब्दवर्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नाम | ६९ | ६७.६५ |
| विशेषण | २९ | २८.४३ |
| क्रियायोगी | ३ | २.९४ |
| नामयोगी | १ | ०.९८ |

यस शोधकार्य अन्तर्गत 'करेसाबारी' निबन्धमा १०२ ओटा तत्सम शब्द रहेको पाइयो। जसमा सबैभन्दा बढी नाम शब्द ६९ओटा अर्थात कूल तत्सम शब्दको ६७.६५ प्रतिशत, यसपछि विशेषण शब्द २८.४३%, क्रियायोगी २.९४५ र सबैभन्दा कम नामयोगी शब्द १ ओटा अर्थात कूल तत्सम शब्दको ०.९८ प्रतिशत प्रयोग भएको पाइयो । मूल शब्दबाट आएका २० ओटा तत्सम शब्दको व्युत्पति गर्न नमिलेको,अधिकांश शब्दहरू उपसर्ग, प्रत्यय र समासमार्फत व्युत्पति भएको पाइनु; वर्गगत हिसाबमा नामयोगी तत्सम शब्दको प्रयोग अत्यन्तै न्यून, नामपदको अत्याधिक प्रयोग हुनु शब्दोच्चारणमा स्तर र तह अनुकूल शब्द समायोजन नभएकाले त्यति अनुकूल नठहरिनु आदि सम्पादकीय कमजोरी मानिन्छ ।

यस निबन्धमा आवृत्त भएका तत्सम शब्द निम्नबमोजिम रहेको पाइयो :

**तालिका न १.२ 'करेसाबारी' निबन्धका तत्सम शब्दको आवृत्तिको अवस्था**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| अनुसार | ९ | अन्य | २ |
| अभियान | २ | अवस्था | ११ |
| आवस्यकता | ६ | उत्पादन | १० |
| उपयुक्त | ८ | उपयोग | २ |
| कारण | २ | किरा | ४ |
| क्रम | २ | गुणस्तर | २ |
| चीसो | २ | जात | २ |
| ध्यान | २ | नियमित | ३ |
| पात | ३ | प्रकृति | ४ |
| प्रभावकारी | २ | प्रयोग | १५ |
| फूल | ३ | भान्सा | १ |

| | | | |
|---|---|---|---|
| भूगोल | १ | मल | १ |
| मात्रा | ३ | मूख्य | ३ |
| रोग | २ | वर्षा | २ |
| वस्तु | १ | वानस्पतिक | १ |
| विभिन्न | ७ | व्यवस्थापन | ६ |
| संरक्षण | ३ | सजग | २ |
| सदूपयोग | ३ | समग्र | २ |
| समय | ३ | स्वस्थ | ४ |

'करेसाबारी' निबन्धमा रहेका कूल तत्सम शब्द मध्ये ३८ ओटा(३७.२५%) शब्दको पटक पटक आवृत्ति भएको पाइयो ।जसमा सबैभन्दा बढी 'प्रयोग' शब्द १५ पटक अर्थात पाठका कूल शब्दको १.२१% आवृत्त भएको र सबैभन्दा कम १ पटकमात्र आवृत्त हुने शब्द ५(०.३९%) ओटा रहेको पाइयो । यसरी हेर्दा यस निबन्धमा 'प्रयोग' तत्सम शब्द सबैभन्दा बढी, त्यसपछि 'अवस्था' र अन्य शब्दहरू न्यून मात्रामा प्रयोग भएको पाइयो ।

यसर्थ, यस निबन्धमा प्राप्त तत्सम शब्दको तथ्यलाई शाब्दिक रूपमा र तथ्याङ्कलाई सङ्ख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । समग्रमा 'करेसाबारी' निबन्धमा प्रयोग भएका जम्मा शब्द र प्रयोग भएका तत्सम शब्दको अन्तराल प्रयोगका दृष्टिले सन्तुलनमा नै रहेको, उच्चारणका दृष्टिले केहि शब्द कठिन रहेका, केहि शब्द अति सरल रहेका, वर्गगत उपस्थिति हेर्दा अव्यय पदका तत्सम शब्दको प्रयोग ज्यादै न्यून रहेको र शब्दावृत्तिको उपस्थिति ठिकै रहेको निष्कर्ष निकालियो ।

### ४.१.२ 'कञ्चनजङ्घालाई नियाल्दा' निबन्धमा प्रयुक्त तत्सम शब्द

निबन्धकार राजेन्द्रमान डङ्गोल (बि.सं. २०२६) पेसाले एक पर्यटन व्यवसायी हुन् । नेपाली भूगोलमा पर्ने विभिन्न पर्यटकीय स्थलहरूको भ्रमण गर्न औधि मन पराउने डंगोलले भ्रमणका क्रममा देखेभोगेका र अनुभव गरेका कुराहरूलाई मूख्य विषयवस्तु बनाएर रचनात्मक शैलीमा यात्रापरक निबन्ध (नियात्रा)लाई लिपिवद्ध गर्ने गरेको पाइन्छ ।उनका बि.सं २०७६ सालमा 'यात्राका पाइला' र बि.सं २०७८ सालमा 'पैतालामा हिउँ, आँखामा हिमाल' शीर्षकका दुईओटा निबन्धहरू प्रकाशन भएका छन् ।(merorautahat.blogspot.com-2023)

प्रस्तुत 'कन्चनजङ्घालाई नियाल्दा' यात्रापरक निबन्धमा शब्दचित्र मार्फत व्याख्यात्मक शैलीमा कन्चनजङ्घा हिमालको अवलोकन पश्चात वर्णन गरिएको पाइन्छ । भ्रमणका क्रममा बाटामा देखेभोगेका र अनुभव गरेका सत्य घटनाहरुलाई नियात्रामा विस्तारपूर्वक सरल भाषाशैलीमा समेटेको पाइन्छ । पूर्वी नेपालको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै आन्तरिक र वाह्य पर्यटनलाई प्रवर्धन गर्न खोज्नु नै यस निबन्धको मूल उद्देश्य रहेको पाइन्छ । पृष्ठ ९० देखि पृष्ठ ९६ सम्ममा लामा छोटा गरेर जम्मा २६ ओटा अनुच्छेदमा संरचित यस निबन्धमा प्रयोग भएका जम्मा शब्दहरूमध्येबाट तत्सम शब्दको मात्र छनौट गरि यस शोधकार्यमा अध्ययन गरिएको छ । 'करेसाबारी' पाठमा प्रयोग भइसकेका तर यस पाठमा पुन: प्रयोग भएका तत्सम शब्दलाई भने यहाँ दोहोर्याएर अध्ययन गरिएको छैन ।

यस निबन्धमा भएका तत्सम शब्दको वर्ग, उच्चारण प्रक्रिया व्युत्पति, अर्थ र आवृत्तिलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :

**तालिका नं २.१ 'कञ्चनजङ्घालाई नियाल्दा' निबन्धका तत्सम शब्दको अवस्था**

| क्र.स | शब्द | उच्चारण | वर्ग | व्युत्पति | अर्थ |
|---|---|---|---|---|---|
| १ | अकाल | अकाल् | ना. | अ+काल | असमयमा भएको मृत्यु |
| २ | अगावै | अगावै | नायो | अगि+ऐ | अगि नै , पहिले नै |
| ३ | अग्निपरीक्षा | अग्निपरि | ना. | मूल शब्द | आगोमा होमिएर दिइने कठोर परीक्षा |
| ४ | अचम्मित | अचम्मित् | वि. | अचम्म+ईत | आश्चर्य लागेजस्तो हुने |
| १६८ | हनुमान | हनुमान् | ना. | हनु+मान | राम भक्त एक बानर |
| १६९ | हिमालय | हिमालय | ना. | हिम्+आलय | हिमाली पर्वत माला |
| १७० | हृदयघात | हृदयघात् | ना. | हृदय+घात | अकस्मात् मुटुमा लाग्ने धक्का |

"**चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा** " निबन्धमा जम्मा १४७९ ओटा शब्द प्रयोग भएकोमा १७० ओटा (११.४९ %) तत्सम शब्द रहेको पाइयो । तत्सम शब्दको यो उपस्थितिलाई स्तर अनुरुप केहि कमजोर मानिन्छ । सम्पादकीय पक्षबाट तत्सम शब्दको संयोजनमा वृद्धि गर्नुपर्ने देखिन्छ । यस निबन्धमा प्रयोग भएका तत्सम शब्दको वर्ग , सङ्ख्या र प्रतिशत निम्नबमोजिम रहेको पाइयो :

**तालिका नं - ४.२ "चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा " निबन्धका तत्सम शब्दको वर्गगत अवस्था**

| शब्दवर्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नाम | १२० | ७०.५९ |
| विशेषण | ४८ | २८.२३ |
| क्रियायोगी | २ | १.१८ |

यस शोधकार्य अन्तर्गत "चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा" निबन्धमा १७० ओटा तत्सम शब्द रहेको पाइयो। जसमा सबैभन्दा बढी नाम शब्द १२० ओटा अर्थात कूल तत्सम शब्दको ७०.५९ प्रतिशत, यसपछि विशेषण शब्द २८.२३% र सबैभन्दा कम २ ओटा क्रियायोगी अर्थात कूल तत्सम शब्दको १.१८ % प्रयोग भएको पाइयो। २५ ओटा मूल, केहि द्वित्पादक शब्द र अन्य व्युत्पादक भएका तत्सम शब्दको यो अवस्थालाई अध्ययन गर्न विकारी पदका तुलनामा अविकारी पदको प्रयोग धेरै नै कम भएको मानिन्छ।

यस निबन्धमा आवृत्त भएका तत्सम शब्द निम्नबमोजिम रहेको पाइयो :

**तालिका न ४.३ "चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा " निबन्धका तत्सम शब्दको आवृत्तिको अवस्था**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| अगधतन्त्र | १ | अनुसन्धान | २ |
| अर्थ | ६ | अष्टाङ् | १ |
| आक्रमण | २ | आधार | १ |
| आधुनिक | ८ | आयुर्वेद | २३ |
| अवस्था | २ | आहार | १ |
| उपचार | ३८ | उपचारात्मक | ३ |
| उपाय | १ | एवंम् | ६ |
| औषधीय | १ | कौमारभृत्य | १ |
| क्षमता | ३ | गम्भीर | १ |
| चिकित्सक | २ | चिकित्सा | ६६ |
| जीवन | ३ | तन | ४ |
| त्रिदोष | १ | निदान | २ |
| नियन्त्रण | १ | निरोधात्मक | २ |
| निर्मूल | २ | पक्ष | ३ |
| पद्धति | २८ | परीक्षण | २ |
| परीक्षा | १ | पूर्णत : | १ |

| | | | |
|---|---|---|---|
| पोषण | २ | प्रणाली | ३ |
| प्रतिरोधात्मक | २ | प्रदान | २ |
| प्राचीन | १ | भारत | १ |
| भूताविद्या | १ | भूस्वर्ग | १ |
| मन | ६ | मानव | २ |
| मान्यता | १ | मूल | १ |
| रोगव्याधि | ३ | रुप | १३ |
| प्रदान | २ | विज्ञान | ९ |
| विधि | २ | विशेषता | ७ |
| विस्वविद्यालय | १ | विष | १ |
| शब्द | ३ | शरीर | ९ |
| शारीरिक | ४ | शल्य | १ |
| शालाक्य | १ | शास्त्र | १ |
| शिक्षा | १ | संस्कृत | ३ |
| समन्वय | ३ | समानता | १ |
| समिश्रण | २ | सरल | १ |
| सीमा | २ | स्वस्थ | ६ |
| स्वास्थ्य | १० | | |

"चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा" निबन्धमा रहेका कूल तत्सम शब्द मध्ये ६७ ओटा(३९.४१%) शब्दको पटक-पटक आवृत्ति भएको पाइयो ।जसमा सबैभन्दा बढी 'चिकित्सा' शब्द ६६ पटक अर्थात पाठका कूल शब्दको ४.४६ % आवृत्त भएको र सबैभन्दा कम १ पटकमात्र आवृत्त हुने शब्द २६ (१.७६%) ओटा रहेको पाइयो । यसरी हेर्दा यस निबन्धमा 'चिकित्सा' तत्सम शब्द सबैभन्दा बढी, त्यसपछि 'उपचार' ३८ (२.५७%)पटक, 'पद्दति २८(१.८९%)पटक, 'आयुर्वेद' २३(१.५६%) पटक, 'रुप' १३ (०.८८%) पटक, 'स्वास्थ्य' १०(०.६८) पटक र अन्य शब्दहरू न्यून मात्रामा प्रयोग भएको पाइयो ।

यसर्थ, यस निबन्धमा पनि प्राप्त तत्सम शब्दको तथ्यलाई शाब्दिक रूपमा र तथ्याङ्कलाई सङ्ख्यात्मक शैलीमा प्रस्तुत गर्दा नै उचित हुने ठहरियो।

**४.१.५ 'मेरो देशको शिक्षा ' निबन्धमा प्रयुक्त तत्सम शब्द**

नेपाल सरकार; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा सम्पादित कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकअन्तर्गत पाठ नौ मा समाविष्ट **मेरो देशको शिक्षा** शीर्षकको निबन्ध आत्मपरक निबन्ध हो।

यस निबन्धमा यो देशको शिक्षा अझै पनि परम्परित प्रक्रियामा नै जकडिएको र यसलाई थप व्यवहारिक र वैज्ञानिक बनाउनु पर्ने कुरा विभिन्न दृष्टान्तद्वारा प्रष्ट पार्न खोजिएको छ।आफ्नो मौलिकता सहितको युग सुहाउँदो वैज्ञानिक युगमा नवीन प्रविधिबाट प्राचीन ज्ञान र आधुनिक शिक्षा दिलाउन राज्य लागी पर्नुपर्ने सन्देश यस निबन्धमा पाइन्छ।

पृष्ठ ११४ देखि पृष्ठ ११९ सम्म दश अनुच्छेदमा सुगठित यो निबन्धको अध्ययन गर्ने क्रममा निबन्धमा प्रयुक्त तमाम् तत्सम शब्दहरू मध्ये अघिल्ला निबन्धको अध्ययनमा स्थान ओगटिसकेका तत्सम शब्द बाहेकका शब्दलाई मात्र छनौट गरि अध्ययन गरिएको छ।

यस निबन्धमा भएका तत्सम शब्दको वर्ग, उच्चारण प्रक्रिया व्युत्पति, अर्थ र आवृत्तिलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :

**तालिका नं ५.१ 'मेरो देशको शिक्षा' निबन्धमा प्रयुक्त तत्सम शब्दको अवस्था**

| क्र.सं | शब्द | उच्चारण | वर्ग | व्युत्पति | अर्थ |
|---|---|---|---|---|---|
| १ | अत: | अतह् | क्रियो | अच्+अ | यसकारण , यसर्थ |
| २ | अत्याधुनिक | अत्याधुनिक् | वि. | अति+आधुनिक | ज्यादै आधुनिक, धेरै नवीन |
| ३ | अथवा | अथबा | संयो. | मूल शब्द | विकल्प जनाउने शब्द |
| ४ | अध्धयन | अद्ध्ययन् | ना. | अधि+इ+अन | सिकाईको गतिविधि |
| ५ | अनन्त | अनन्त | वि. | अन्+अन्त | अन्तको सीमा नभएको |
| ६ | अनादि | अनादी | वि. | अन्+आदि | परापूर्व कालको |
| ७ | अनुभूत | अनुभुत् | वि. | अनु+भूत | अनुभव गरेको , बेहोरिएको |
| ८ | अनुशासन | अनुसासन् | ना. | अनु+शासन | मर्यादा,अदवका साथ रहने व्यबहार |
| ९ | अन्त्य | अन्त्य | ना. | मूल शब्द | पछिल्लो छेउ, आखिरी भाग |
| १० | अन्ध विश्वास | अन्धबिस्वास् | ना. | मूल शब्द | औचित्यहीन चलनमा गरिएको विश्वास |
| ११ | अपौरुषेय | अपौरुसेय | वि. | अ+पौरुषेय | मानिसले नबनाएको , अलौकिक |
| १२ | असान्दर्भिक | असान्दर्भिक् | वि. | अ+सन्दर्भ+इक् | सन्दर्भ नमिलेको , प्रसंगमा नमिलेको |
| १३ | अहम् | अहम् | ना. | मूल शब्द | मुख्य , महत्त्वपूर्ण |
| १४ | आतुर | आतुर् | वि. | मूल शब्द | बेचैन , अधीर |
| १५ | आत्मनिर्भार | आत्मनिर् भर | वि. | आत्म+निर्भर | स्वावलम्बी , अर्काको भर नपर्ने |
| १६ | आत्मसात् | आत्मसात् | ना. | आत्म+सात् | कुनै सिद्धान्तलाई सहजै स्वीकार गर्ने काम |
| १७ | आधिकारिक | आधिकारिक् | वि. | अधिकार+इक | अधिकार सँग सम्बन्धित |
| १८ | आयआर्जन | आय आर्जन् | ना. | आय+अर्ज्+अन् | आम्दानि बढाउने काम |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | आर्थिक | आर् थिक् | वि. | अर्थ+इक् | धन सम्पति सँग सम्बन्धित |
| २० | आलोकित | आलोकित् | वि. | आ+लोक्+इत् | चमकले भरिपूर्ण , हेरिएको |
| २१ | आलोचनात्मक | आलोचनात्मक् | वि. | आलोचना+आत्मक् | आलोचना भएको |
| २२ | इतिहास | इतिहास् | ना. | इति+ह+आस | पहिलेका घटनाहरूको वर्णन |
| २३ | उजागर | उजागर् | ना. | उत्+जागरण | स्पष्ट रुपमा देखिएको स्थिति ,उद्घाटन |
| २४ | उत्थान | उत्थान् | ना. | उत्+स्थान | अभिवृद्धि, निम्न स्थितिबाट उठाउने काम |
| २५ | उत्प्रेरित | उत्प्रेरित् | वि. | उत्+प्रेरित | हौसला दिइएको ,जागरुक गराइएको |
| २६ | उपज | उपज् | ना. | उप+ज | मष्तिषबाट उब्जने नयाँ बिचार |
| २७ | उर्वर | उर् बर् | वि. | मूल शब्द | धेरै उब्जनी हुने, मलिलो |
| २८ | उषाकाल | उसाकाल् | क्रियो. | उषा+काल | मिर्मिरे समय |
| २९ | ऋषि | रिसि | ना. | मूल शब्द | आध्यामिक साधनामा लागेका तपस्वी |
| ३० | ऋषिमुनी | रिसिमुनि | ना. | ऋषि+मुनि | तपस्वी |
| ३१ | औजार | औजार् | ना. | उज्ज+आर् | कामदारलाई चाहिने उपकरण , ज्याबल |
| ३२ | कर्तव्य | कर्तब्य | ना. | कृ+तव्य | गर्न लायक कार्य , आचारण |
| ३३ | कर्म | कर्म | ना. | कृत्+म | काम, गतिविधि |
| ३४ | किरण | किरण् | ना. | मूल शब्द | सूर्यको प्रकास , ज्योति |
| ३५ | कृषि | क्रिसि | ना. | कृष्+ई | खनजोत गरि गरिने खेति |
| ३६ | कृषिजन्य | क्रिसिजन्य | वि. | कृषि+जन्य | खेतीबाट उत्पन हुने |
| ३७ | क्षितिज | छितिज् | ना. | क्षिति+ज | पृथ्वी र आकाश जोडिएको जस्तो देखिने ठाउँ |
| ३८ | गर्व | गर्ब | ना. | मूल शब्द | व्यक्तिमा हुने उच्चताको भाव |
| ३९ | गुरु | गुरु | ना. | मूल शब्द | शिक्षा दिने व्यक्ति , आचार्य |
| ४० | गुरुत्वाकर्षण | गुरुत्वाकर्सण् | ना. | गुरुत्व+आकर्षण | आफूतिर खिच्न आकर्षण गर्ने कार्य |
| ४१ | ग्रन्थ | ग्रन्थ | ना. | मूल शब्द | खास विषयमा लेखिएको पुस्तक, कृति |
| ४२ | ग्रहण | ग्रहण् | ना. | ग्रह+अन | लिने काम,स्वीकार |
| ४३ | घटना | घट्ना | ना. | घटन+आ | अकस्मात् भएको कुनै गतिबिधि |
| ४४ | चर्मचक्षु | चर्मचक्छ्यु | ना. | चर्म+चक्षु | आँखा, तुल ज्ञानचक्षु |
| ४५ | चिन्तन | चिन्तन् | ना. | चिन्त+अन | मनन, सोच |
| ४६ | चेत | चेत् | ना. | मूल शब्द | मानिसमा हुने भित्रि चेतना , होस् |
| ४७ | जडिबुटी | जडिबुटि | ना. | जडी+बुटो+ई | औषधीय गुण भएको वनस्पति , जरिबुटी |
| ४८ | जनक | जनक् | ना. | मूल शब्द | जन्म दिने , पिता, |
| ४९ | जागरण | जागरण् | ना. | जागृ + अन | सचेतना |
| ५० | जीवन्त | जिबन्त | वि. | जीव+अन्त | जीवित, जिउँदो जाग्दो |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१ | ज्ञानचक्षु | ग्याँनचक्छयु | ना. | ज्ञान+ चक्षु | ज्ञानको आँखा |
| ५२ | ज्योति | ज्योति | ना. | मूल शब्द | ग्रह वा नक्षत्रको प्रकाश , चमक |
| ५३ | तथ्यपूर्ण | तथ्यपुर्ण | वि. | तथ्य+पूर्ण | तथ्यमा आधारित भएको |
| ५४ | तल्लिन | तल्लिन | वि. | तत्+लीन | त्यसमा लीन भएको , तन्मय |
| ५५ | तीर्थाटन | तिर्थाटन् | ना. | तीर्थ+अटन | तीर्थयात्रा |
| ५६ | तेस्रो | तेस्रो | वि | तीस्र+ओ | गणना गर्दा तीन को क्रममा पर्ने |
| ५७ | त्रुटी | त्रुटि | ना. | त्रुट+ई | गल्ति , भुल |
| ५८ | दर्शन | दर्सन् | ना. | दृश+अन | हेर्ने काम ; अभिवादन |
| ५९ | दायित्व | दायित्त्व | ना. | दायी+त्व | जवाफदेहिता, जिम्मेवारी |
| ६० | दीक्षित | दिक्छित | वि. | दीक्ष+इत | दीक्षा प्राप्त गरेको |
| ६१ | धारणा | धारणा | ना. | धारणा+आ | मानसिक बिम्ब, बिचार |
| ६२ | धैर्य | धैर्य | ना. | धीर+य | स्थिर रहने, धीरता |
| ६३ | नवीन | नबिन् | वि. | नव+इन | नयाँ , नौलो |
| ६४ | नि:शुल्क | निसुल्क | वि. | निस्+शूल्क | शुल्क नलाग्ने |
| ६५ | नितान्त | नितान्त | क्रियो | मूल शब्द | बिल्कुल, एकदम , |
| ६६ | निर्माण | निर्माण् | ना. | निर्+मान | बनाउने काम , रचना |
| ६७ | निहित | निहित् | वि. | नि+हित | भित्र रहेको |
| ६८ | नेत्तृत्व | नेत्तृत्व | ना. | नेतृ+त्व | मार्ग दर्शन् , अगुवाई |
| ६९ | परापूर्व | परापुर्बक | क्रियो. | पारा+पूर्व | धेरै पहिले , अज्ञातकाल |
| ७० | परिवर्तन | परिबर्तन् | ना. | परि+वृत+अन | फेरबदल, रुपान्तरण |
| ७१ | परिष्करण | परिस्करण् | ना. | परि+करण | परिष्कार गर्नु |
| ७२ | परिष्कृत | परिस्क्रित् | वि. | परि+कृत | सुधारवा संस्कार गरिएको |
| ७३ | परिस्थिति | परिस्थति | ना. | परि+स्थिति | पृष्ठभूमि , परिवेश; खास अवास्था |
| ७४ | पर्यटकीय | पर्यटकिय | वि. | पर्यटक+इय | पर्यटकका लागि उपयुक्त |
| ७५ | पर्यावरण | पर्यावरण् | ना. | परि+आवरण | वरिपरिको परिवेश, वातावरण |
| ७६ | पवित्र | पबित्र | वि. | पू+इत्र | शुद्ध,चोखो |
| ७७ | पाठ्यक्रम | पाठ्यक्रम | ना. | पाठ्य+क्रम | पाठ्य विषयको विवरण , शैक्षिक योजना |
| ७८ | पाश्चात्य | पास्चात्य | वि. | पश्चात्+य | पश्चिम दिशातिरको |
| ७९ | पुस्तक | पुस्तक् | ना. | मूल शब्द | पाठ्य सामग्री |
| ८० | पूर्वाग्रह | पुर्बाग्रह | ना. | पूर्व+आग्रह | गलत धारणा,बिचार आदिले हठ गर्नु |
| ८१ | पृथक | प्रिथक् | वि | प्रिथ+क | भिन्न |
| ८२ | प्रज्ज्वलित | प्रज्ज्वलित् | वि. | प्रज्ज्वल+इत | ज्यादै चम्किलो भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ८३ | प्रतिबद्धता | प्रतिबद्धता | ना. | प्रति+बद्ध+ता | बचन वद्धता |
| ८४ | प्रवर्द्धन | प्रबर्धन् | ना. | प्र+वृद्ध+अन | वृद्धि |
| ८५ | प्रवृत्त | प्रबृत | वि. | प्र+वृत्त | अभिमुख , तत्पर रहेको |
| ८६ | प्राचीन | प्राचिन् | वि. | प्राक्+इन् | पुरातन , ज्यादै पुरानो |
| ८७ | प्राज्ञिक | प्रागिक् | वि . | प्रज्ञा+इक | प्रज्ञासँग सम्बन्धित , वौद्धिक |
| ८८ | प्राथमिकता | प्राथमिकता | ना. | प्राथमिक+ता | धेरै मध्य कुनै एकलाइ बढी जोड दिइएको |
| ८९ | प्रेरणा | प्रेरणा | ना. | प्रेर्+अन+आ | हौसला |
| ९० | प्रेरित | प्रेरित | वि. | प्रेर्+इत | अभिप्रेरित |
| ९१ | प्रेषण | प्रेसण् | ना. | प्र+इष+अन | कुनै वस्तु, चिठी आदी पठाउने काम |
| ९२ | बुद्धत्व | बुद्धत्व | ना. | बुद्ध+त्व | बुद्ध द्वारा प्राप्त ज्ञान |
| ९३ | बौद्धिक | बौद्धिक् | वि. | बुद्धि+इक | बुद्धि भएको |
| ९४ | भरिपूर्ण | भरिपुर्ण | वि. | भरि+पूर्ण | सबैतिर भरिएको |
| ९५ | भावना | भाबना | ना. | भाव+अन+आ | बिचार वा अनुभूति |
| ९६ | भूमि | भुमि | ना. | भू+मि | पृथ्वी |
| ९७ | मर्म | मर्म | ना. | मूल शब्द | चोट |
| ९८ | महर्षि | महर्सि | ना. | महा+ऋषि | ठुला ऋषि |
| ९९ | महान् | महान् | वि. | <महत् | ठूलो , बिशाल |
| १०० | माद्यामिक | माध्यमिक् | वि. | मध्यम+इक | बिचको |
| १०१ | मानवता | मानबता | वि. | मानव+ता | मान्छेमा हुने विशेषता |
| १०२ | मार्ग | मार्ग | ना. | मूल शब्द | हिंड्ने बाटो , पथ |
| १०३ | मूल्यवान | मुल्यवान् | वि. | मूल्य+वान् | धेरै मूल्य पर्ने |
| १०४ | मौलिक | मौलिक् | वि. | मूल+इक | आफ्नै मूलभूत विशेषता भएको |
| १०५ | मौलिकता | मौलिकता | ना. | मौलिक+ता | मौलिक झल्किने |
| १०६ | युक्त | युक्त | वि. | युज्+त | समाहित भएको |
| १०७ | युग | युग् | ना. | युज्+अ | जमाना |
| १०८ | युगान्तकारी | युगांताकारी | वि. | युगान्त+कारी | युगलाई समाप्त पार्ने |
| १०९ | युगीन | युगिन् | वि. | युग+इन | युग सुहाउँदो |
| ११० | रहस्य | रहस्य | ना. | रहस्+य | भित्रि मर्म |
| १११ | लक्ष्य | लक्छे | ना. | लक्ष+य | उद्देश्य |
| ११२ | विज्ञापन | बिज्ञापन् | ना. | वि+ज्ञप्+अन | प्रचारप्रसार |
| ११३ | विद्यालय | बिद्यालय | ना. | विद्या+आलय | शिक्षालय |
| ११४ | विद्यालयीय | बिद्‌यालायिय | वि. | विद्यालय+इय | विद्यालयसँग सम्बन्धि |

| | | | | |
|---|---|---|---|---|
| ११५ | विद्वान | बिद्द्वान् | वि. | विद्+आन् | शिक्षित |
| ११६ | विवेक | बिबेक् | ना. | वि+वीच् | बुद्धि , समझ |
| ११७ | विवेकशील | बिबेकसिल् | वि. | विवेक+शील | विवेक भएको |
| ११८ | विश्व | बिस्व | ना. | मूल शब्द | पृथ्वीको सम्पूर्ण भाग |
| ११९ | विस्तार | बिस्तार् | ना. | वि+स्तर | व्यापकता |
| १२० | वेदव्यास | बेदब्यास | ना. | वेद+व्यास | वेदका रचनाकार |
| १२१ | व्याख्या | व्याख्या | ना. | वि+आख्या | भाष्य, स्पष्टिकरण |
| १२२ | शान्त | सान्त | वि. | सम्+त | सुनसान , मौन |
| १२३ | शास्त्रार्थ | सास्त्रास्त्र | ना. | शास्त्र+अर्थ | शात्रको तात्पर्य |
| १२४ | शिक्षा | सिक्छया | ना. | शिक्ष+आ | विद्या |
| १२५ | शिक्षित | सिक्छित | वि. | शिक्ष+इत | शिक्षा प्राप्त गरेको |
| १२६ | शिष्टाचार | सिस्टाचार् | ना. | शिष्ट+आचार | अभिवादन |
| १२७ | श्रम | स्रम् | ना. | मूल शब्द | मिहिनेत |
| १२८ | श्रुति | स्रुति | ना. | श्रु+ति | सुन्ने इन्द्रिय |
| १२९ | संवर्धन | सम्बर्द्धन | ना. | सम्+वर्धन | बढाउने काम |
| १३० | संवेग | सम्बेग् | ना. | सम्+वेग | मनमा उत्पन्न हुने आवेग |
| १३१ | सक्षम | सक्छयम् | वि. | स+क्षम | क्षमता भएको |
| १३२ | सङ्गम | सङ्गम | ना. | सम्+गम् | भेट, मिलन |
| १३३ | सचेत | सचेत् | वि. | स+चेत | सतर्कता , सावधान |
| १३४ | सचेतना | सचेतना | ना, | सचेतन+आ | जागृति |
| १३५ | सत्य | सत्त्य | वि. | मूल शब्द | साँचो |
| १३६ | सद्गुण | सद्गुण् | ना. | सत्+गुण | असल गुण, राम्रो चरित्र |
| १३७ | सद्भाव | सदभाब् | ना. | सत्+भाव | असल भाव |
| १३८ | सनातन | सनातन् | वि. | सदा+तन | धेरै पहिलेदेखि चलिआएको |
| १३९ | सन्तुलन | सन्तुलन् | ना. | सम्+तुल्+अन | मात्रा मिलाउने काम, तालमेल |
| १४० | समर्थन | समर्थन् | ना. | सम्+अर्थ+अन | सहि थाप्ने काम, स्वीकार |
| १४१ | समायोजन | समायोजन् | ना. | सम्+आयोजन | सन्तुलन मिलाउने काम, अनुकुल |
| १४२ | समावेश | समाबेश् | ना. | सम्+आ+वेश | राख्ने वा समेट्ने काम |
| १४३ | समृद्ध | सम्म्रिद्ध | वि. | सम्+ऋद्धि | प्रशस्त उन्नति, प्रगति |
| १४४ | सहिष्णु | सहिस्णु | वि. | सह+इष्णु | धैर्यवान, सहनशील |
| १४५ | सान्दर्भिक | सान्दर्भिक् | वि. | सन्दर्भ+इक | सन्दर्भमा आधारित |
| १४६ | सुन्दर | सुन्दर् | वि. | मूल शब्द | आकर्षक, हेर्दा राम्रो |

| | | | | | |
|---|---|---|---|---|---|
| १४७ | सुलभ | सुलभ् | वि. | मूल शब्द | सजिलै पाइने, सुप्राप्य |
| १४८ | सुसम्पन्न | सुसम्पन्न | वि. | सु+सम्पन्न | पुगिसरी आएको, परिपूर्णता |
| १४९ | सृष्टि | सृस्टि | ना. | सृज्+ति | रचना गर्ने काम |
| १५० | सैद्धान्तिक | सैद्धान्तिक् | वि. | सिद्धान्त+इक | सिद्धान्तमा आधारित |
| १५१ | स्थापित | स्थापित | वि. | स्था+(प्)+इत | स्थापना गरिएको, खडा गरिएको |
| १५२ | स्फुरण | स्फुरण् | ना. | स्फुर्+अन | सम्झना हुने |
| १५३ | स्वभाव | स्वभाब् | ना. | स्व+भाव | सामान्य वा सहज गुण |
| १५४ | स्वस्थकर | स्वस्थकर् | वि. | स्वस्थ+कर | विकार नभएको, स्वच्छ |
| १५५ | हृदय | हिृदय | ना. | हृत्+अय | मन, अन्तस्करण |

**'मेरो देशको शिक्षा "** निबन्धमा जम्मा १४८७ ओटा शब्द प्रयोग भएकोमा १५५ ओटा (१०.४२ %) तत्सम शब्द रहेको पाइयो । यो सङ्ख्यामा तत्सम शब्दको स्थान सकारात्मक रहेको मानिन्छ । यस निबन्धमा प्रयोग भएका तत्सम शब्दको वर्ग, सङ्ख्या र प्रतिशत निम्नबमोजिम रहेको पाइयो :

**तालिका नं - ५.२ "मेरो देशको शिक्षा" निबन्धका तत्सम शब्दको वर्गगत अवस्था**

| शब्दवर्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नाम | ९३ | ६० |
| विशेषण | ६१ | ३९.३५ |
| क्रियायोगी | ४ | २.५८ |
| संयोजक | १ | ०.६५ |

यस शोधकार्य अन्तर्गत "मेरो देशको शिक्षा" निबन्धमा १५५ ओटा तत्सम शब्द रहेको पाइयो । जसमा सबैभन्दा बढी नाम शब्द ९३ ओटा अर्थात कूल तत्सम शब्दको ६०% प्रतिशत, यसपछि विशेषण शब्द ३९.३५%, क्रियायोगी २.५८% र सबैभन्दा कम संयोजक १ ओटा अर्थात कूल तत्सम शब्दको ०.६५% प्रयोग भएको पाइयो। २० ओटा मूल शब्द र अन्य समास. द्वित्व, उपसर्ग, प्रत्यय आदिबाट पनि तत्सम शब्दको प्रयोग भएको पाइन्छ । यसलाई पाठगत दृष्टिले सान्दर्भिक मानिन्छ ।

"मेरो देशको शिक्षा " निबन्धमा आवृत्त भएका तत्सम शब्द निम्नबमोजिम रहेको पाइयो :

**तालिका न ५.३ "मेरो देशको शिक्षा" निबन्धका तत्सम शब्दको आवृत्तिको अवस्था**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| अन्धबिस्वास | १ | आत्मनिर्भर | २ |
| आत्मसात | १ | आधिकारिक | १ |
| आलोचनात्मक | १ | ऋषि | १ |
| ऋषिमुनि | १ | क्षमता | ३ |
| चिन्तन | ६ | चेत | १ |
| चेतना | ३ | जीवन | १ |
| ज्ञान | १६ | तर्क | १ |
| त्रुटी | १ | देश | २५ |
| परापूर्व | २ | परिवर्तन | १ |
| परिस्थिति | २ | प्राचीन | ३ |
| प्राथमिकता | ४ | भूमि | १ |
| सचेत | १ | सद्भाव | १ |
| सर्वसुलभ | १ | सान्दर्भिक | २ |
| सीप | १३ | सूचना | १० |
| स्वभाव | १ | | |

**"मेरो देशको शिक्षा"** निबन्धमा रहेका कूल तत्सम शब्द मध्ये २९ ओटा(१८.७०%) शब्दको पटक-पटक आवृत्ति भएको पाइयो ।जसमा सबैभन्दा बढी 'देश' शब्द २५ पटक अर्थात पाठका कूल शब्दको १.९५ % आवृत्त भएको र सबैभन्दा कम १ पटकमात्र आवृत्त हुने शब्द १६ (१.०८%) ओटा रहेको पाइयो । यसरी हेर्दा यस निबन्धमा 'देश' तत्सम शब्द सबैभन्दा बढी, त्यसपछि 'ज्ञान' शब्द१३(०.८७%)पटक, 'सीप' शब्द १३(०.८७%)पटक, 'सूचना' शब्द १०(०.६७%) पटक, र अन्य शब्दहरू न्यून मात्रामा प्रयोग भएको पाइयो । यो अवस्था सम्पादकीय दृष्टिले हेर्दा शब्द सन्तुलनको समग्रता ठिकै रहेको मानिन्छ ।

### ४.१.६ 'पख्नोस् ' निबन्धमा प्रयुक्त तत्सम शब्द

वरिष्ठ हाँस्यव्यङ्ग्य निबन्धकार भैरव अर्याल (वि.सं १९९३-२०३३) द्वारा 'काउकुती', 'जय भुँडी' , 'गलबन्दी', 'इतिश्री' र 'दश औतार' शीर्षकका निबन्ध सङ्ग्रहहरू प्रकाशन भएका छन् । साहित्यको गद्य रचना मानिने निबन्ध विधामा हाँस्यव्यंग्यको स्वर उराल्ने अर्याललले सामाजिक, धार्मिक, आर्थिक, सांस्कृतिक र राजनैतीक आदि क्षेत्रमा देखिएका विकृति र विसङ्गतिमाथि तीखो व्यङ्ग्य प्रहार गर्ने गरेको पाइन्छ । प्रगतिवादी विचारमा समाजसुधारको अपेक्षा राख्दै अनुप्रासयुक्त शब्दावलीको छनोटमा तिख्खर भैरव अर्याल् युगीन चेतनाको प्रयोग गर्न पनि उत्तिकै सिपालु रहेको पाइन्छ ।

हाँस्यव्यङ्ग्य निबन्धकारका रुपमा सुपरिचित अर्यालद्वारा रचना गरिएको **'पख्नोस्'** शीर्षकको निबन्धमा निबन्धकारले आत्मपरक शैलीमा सरल, बोधगम्य र प्रभावकारी भाषाशैलीका माध्यमबाट पट्यारलाग्दो पर्खाई र पर्खाउने विकृतिको मानवीय कमजोरीका विरुद्ध खरो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ ।पर्खने र पर्खाउने दुवै व्यक्ति पर्खनु नपर्ने अवस्थाको सिर्जना होस् भन्ने चाहना राख्ने हुनुपर्छ भन्ने सन्देश यस निबन्धमा पाइन्छ। पृष्ठ १७६ बाट सुरु भएर पृष्ठ १७९ मा समाप्त भएको यस निबन्धमा जम्मा सानाठुला गरेर १३ ओटा अनुच्छेदहरू रहेको पाइन्छ। स्वैरकल्पनामा बिम्बित रहेको उक्त निबन्धमा प्रयोग भएका जम्मा १३५ ओटा तत्सम शब्द मध्ये ६३ ओटा तत्सम शब्दको मात्र यस शोधकार्यमा अध्ययन गरिएको छ। बाँकी तत्सम शब्द अघिल्ला निबन्धको अध्ययनमा नै समेटीसकिएको छ ।

यस निबन्धमा भएका तत्सम शब्दको वर्ग, उच्चारण प्रक्रिया व्युत्पति , अर्थ र आवृत्तिलाई निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं ६.१ "पख्नोस्" निबन्धका तत्सम शब्दको अवस्था**

| क्र.सं. | शब्द | उच्चारण | वर्ग | व्युत्पति | अर्थ |
|---|---|---|---|---|---|
| १ | अचेल | अचेल् | क्रियो. | मूल शब्द | आजभोली, आजकाल |
| २ | अशान्त | असान्त | वि. | अ+शान्त | शान्त नभएको, बेचैन |
| ३ | असीमित | असिमित् | वि. | अ+सीमित | सीमित नभएको , सीमाहीन |
| ४ | आकांक्षा | आकाङ्छ्या | ना. | आ काङ्क्षा | अभिलाषा , चाहना |
| ५ | आणविक | आणबिक् | वि. | अणु+इक | अनुहरुबाट बनेको , अणु सम्बन्धि |
| ६ | आदर्श | आदर्स | ना. | आ+दर्श <दृश | उत्तम नमूना , उदाहरणीय |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | आदेश | आदेस् | ना. | आ+देश | आज्ञा , अह्राउने काम |
| ८ | आमा | आमा | ना, | मूल शब्द | जन्म दिने नारि जात , जननी , माता |
| ९ | आश्वासन | आस्वासन् | ना. | आ+श्वत+अन | आश्वस्त पार्ने काम |
| १० | इष्टसिद्ध | इस्टसिद्ध | ना. | इष्ट+सिद्ध | प्रमाण समेतको |
| ११ | उन्नति | उन्नति | ना. | उत्+नति | विकास भएको अवस्था , प्रगति |
| १२ | उपचारक | उपचारक् | ना. | उप+चर+अक | बिरामीको उपचार गर्ने , चिकित्सक |
| १३ | ऋण | रिण् | ना. | मूल शब्द | अरुसँग लिएको सापटी , कर्जा |
| १४ | किशोर | किसोर् | ना. | मूल शब्द | वयस्क नभएको, बालीक नभएको |
| १५ | क्रिया | क्रिया | ना | कृ+या | कर्म , कार्य |
| १६ | गज | गज् | ना. | मूल शब्द | हात्ती |
| १७ | गर्भ | गर्भ | ना. | मूल शब्द | बच्चा पसेको पेट |
| १८ | गौशाला | गौसाला | ना. | गो+शाला | गाई राख्ने ठाउँ , गाईको घर |
| १९ | घण्टा | घन्टा | ना. | मूल शब्द | साठी मिनटको समय , ठुलो घण्ट |
| २० | जगन्नाथ | जगन्नाथ् | ना. | जगत् +नाथ | संसारको मालिक , |
| २१ | तालु | तालु | ना. | मूल शब्द | निधारमाथिको कपाल भएको केहि भिरालो अङ्ग |
| २२ | तीव्र | तिब्र | वि. | मूल शब्द | धेरै छिटो अथवा असाध्यै चांडो |
| २३ | दण्डवत् | दन्डवत् | ना. | दण्ड+वत् | साष्टाङ्ग प्रणाम |
| २४ | दार्शनिक | दार्सनिक | ना. | दर्शन+इक | दर्शन सम्बन्धि |
| २५ | दिन | दिन् | ना. | मूल शब्द | अहोरात्र , दिवा , दिउँसो |
| २६ | देवता | देवता | ना. | देव+ता | स्वर्गमा बस्ने , अमर प्राणि |
| २७ | देवल | देबल् | ना. | देव+ल् | देवालय, मन्दिर |
| २८ | देवाधिदेव | देवादिदेब | ना. | देव+अधि+देव | देवताका पनि देवता , ठुला देवता |
| २९ | देश | देस् | ना | मूल शब्द | राष्ट्र , मुलुक |
| ३० | धैर्य | धैर्‍य | ना. | धीर+य | स्थिरता |
| ३१ | नमस्ते | नमस्ते | ना. | नम:+ते | नमस्कार |
| ३२ | नाम | नाम् | ना. | मूल शब्द | संज्ञा |
| ३३ | पत्रिका | पत्रिका | ना. | पत्र+इका | अखबार , समाचार |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | पामर | पामर् | वि. | मूल शब्द | डरपोक |
| ३५ | पुरस्कार | पुरस्कार् | ना. | पुरस्+कार | उपहार , इनाम |
| ३६ | प्रकट | प्रकट् | वि. | प्र+कट | प्रत्यक्ष्य देखा पर्नु |
| ३७ | प्रतिबन्ध | प्रतिबन्ध | ना. | प्रति+बन्ध | अबरोध |
| ३८ | प्रतीक्षा | प्रतिक्छ्या | ना. | प्रति+इक्षा | पर्खाइ |
| ३९ | बौद्ध | बौद्ध | वि. | मूल शब्द | बुद्ध धर्मसँग सम्बन्धि |
| ४० | भद्रकाली | भद्रकालि | ना. | भद्र+काली | एक देवी |
| ४१ | भिक्षु | भिक्छ्यु | ना. | भिक्ष+उ | भिक्षा माग्ने व्यक्ति |
| ४२ | भौतिक | भौतिक् | वि. | भूत+इक | पृथ्वीमा पाइन् वस्तु विशेष |
| ४३ | मरुभूमि | मरुभुमि | ना. | मरु+भुमि | बालुवा नै बालुवा भएको सुख्खा क्षेत्र |
| ४४ | माया | माया | ना. | मूल शब्द | स्नेह |
| ४५ | वास्तव | बास्तब् | ना. | मूल शब्द | यथार्थ कुरो |
| ४६ | विपक्षी | बिपक्छि | वि. | विपक्ष+ई | अर्को पक्षमा लाग्ने |
| ४७ | विषमता | बिसमता | ना. | विषम+ता | असमानता |
| ४८ | वैज्ञानिक | बैग्यानिक् | वि. | विज्ञान+इक | विज्ञानसम्बन्धि खोज गर्ने व्यक्ति |
| ४९ | शब्द | सब्द | ना. | मूल शब्द | पद, एक भाषिक एकाई |
| ५० | शान्ति | सान्ति | ना. | सम्+ति | सुनसान अवस्था, आनन्दपन, मौनता |
| ५१ | शिक्षक | सिक्छ्यक् | ना. | शिक्ष+अक | शिक्षा दिने व्यक्ति |
| ५२ | श्रीमती | श्रिमति | वि. | श्री+मत्+ई | पत्नी , स्वास्नी |
| ५३ | सभ्य | सब्भ्य | वि. | सभा+य | असल आचरण भएको |
| ५४ | समता | समता | ना. | सम+ता | समानता, तुल्यता |
| ५५ | सम्पादक | सम्पादक् | ना. | सम्+पाद+अक | सम्पादन गर्ने मानिस |
| ५६ | सम्भाव्य | सम्भाब्ब्य | वि. | सम्भव+य | सम्भव हुन सक्ने ,आइ पर्ने |
| ५७ | साइत | साइत् | ना. | मूल शब्द | शुभ मुहुर्त , शुभ बेला |
| ५८ | साक्षी | साक्छी | ना. | स+अक्ष+ई | प्रत्यक्षदर्शी गवाही |
| ५९ | सुख | सुख | ना. | मूल शब्द | मनमा हुने आनन्द , मनको शान्ति |
| ६० | सुश्री | सुस्रि | ना. | सु+श्री | अविवाहित महिलालाई चिनाउने शब्द सूचक |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | सूचीकार | सुचिकार् | ना. | सूची+कार | लुगा सिउने पेशा भएको व्यक्ति |
| ६२ | सूर्यदर्शन | सुर्यदर्सन् | ना. | सूर्य+दर्शन | सूर्यको दर्शन गर्ने कार्य |
| ६३ | स्वभाविक | स्वभाबिक् | वि. | स्वभाव+इक | ठिकै हो भन्ने आभासको किसिम |

**"पख्नोस्"** निबन्धमा जम्मा ९६५ओटा शब्द प्रयोग भएकोमा ६३ओटा (६.५२%) तत्सम शब्द रहेको पाइयो। उक्त निबन्धमा प्रयोग भएका तत्सम शब्दको वर्ग, सङ्ख्या र प्रतिशत निम्नबमोजिम रहेको पाइयो :

**तालिका नं - ६.२ "पख्नोस्" निबन्धका तत्सम शब्दको वर्गगत अवस्था**

| शब्दवर्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नाम | ४८ | ७६.१९ |
| विशेषण | १४ | २२.२२ |
| क्रियायोगी | १ | १.५९ |

प्रस्तुत यस शोधकार्य अन्तर्गत "पख्नोस्" शीर्षकको निबन्धमा ६३ ओटा तत्सम शब्द रहेको पाइयो। जसमा सबैभन्दा बढी नाम शब्द ४८ ओटा अर्थात कूल तत्सम शब्दको ७६.१९% प्रतिशत, यसपछि विशेषण शब्द २२.२२%, र सबैभन्दा कम क्रियायोगी १ ओटा अर्थात कूल तत्सम शब्दको १.५९% प्रयोग भएको पाइयो। यो सङ्ख्यालाई न्यून मात्रामा तत्सम शब्दको प्रयोग भएको मानिन्छ।

यस निबन्धमा आवृत्त भएका तत्सम शब्द निम्नबमोजिम रहेको पाइयो :

**तालिका न ६.३ "पख्नोस्" निबन्धका तत्सम शब्दको आवृत्तिको अवस्था**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| घण्टा | १ | जिन्दगी | १ |
| दिन | ५ | नाम | १ |
| पत्रिका | ३ | प्रतीक्षा | १ |
| बेला | २ | भोलि | ४ |
| मानिस | १ | माया | १ |
| लेख | १ | वैज्ञानिक | १ |
| शब्द | १ | हात | १ |

"पख्नोस्" निबन्धमा रहेका कूल तत्सम शब्द मध्ये १४ ओटा(२२.२२%) शब्दको पटक-पटक आवृत्ति भएको पाइयो।जसमा सबैभन्दा बढी 'दिन' शब्द ५ पटक अर्थात पाठका कूल शब्दको ०.५२% आवृत्त भएको र सबैभन्दा कम १ पटकमात्र आवृत्त हुने शब्द १० (१.०३%) ओटा रहेको पाइयो। यसरी हेर्दा यस निबन्धमा 'दिन' तत्सम शब्द सबैभन्दा

बढी, त्यसपछि 'भोलि' शब्द ४(०.४१%)पटक, 'पत्रिका' शब्द ३(०.३१%) , बेला शब्द २ (०.२०%) पटक र अन्य शब्दहरू एक एक पटक मात्र प्रयोग भएको पाइयो ।यस निबन्धमा विशेष गरि अनुप्रासयुक्त शब्दावली र अनुकरणात्मक शब्दको व्यापक प्रयोग भएको पाइन्छ । पाठकलाई उत्साहित बनाउन र निबन्धलाई पनि हाँस्यरसले भरिपूर्ण बनाउन त्यस किसिमका शब्दको प्रयोग सुहाउँदिलो मानिन्छ ।

**४.२ छलफल र व्याख्या**

प्रस्तुत शोधकार्य अन्तर्गत वर्तमान नेपाली भाषा पाठ्यपुस्तक कक्षा नौ र दशमा समाविष्ट निबन्ध विधामा प्रयुक्त भएका तत्सम शब्दहरुको अध्ययन गर्ने क्रममा जम्मा ६ ओटा निबन्धहरूलाई आधार बनाएर अध्ययन गरिएको छ । ६ ओटा निबन्धको अध्ययन गर्ने क्रममा जम्मा ८६९४ ओटा शब्द प्रयोग भएको मा ८३९ ओटा तत्सम शब्द रहेको पाइयो ।यो सङ्ख्या अध्ययनका कूल शब्दको ९.६५% हुन आयो । जसमध्ये कक्षा नौको **'करेसाबारी'** निबन्धमा जम्मा १२६९ ओटा शब्द(१४.५९%) रहेकामा १०२ ओटा तत्सम शब्द रहेको पाइयो । यो अनुसन्धानका कूल शब्दको १.१७ प्रतिशत र कूल तत्सम शब्दको १२.१५% रहन आएको पाइयो । त्यसैगरी **'कञ्चनजङ्घाको यात्रा'** निबन्धमा जम्मा २१४२ शब्द (२४.६३%) रहेकोमा १९४ ओटा तत्सम शब्द प्रयुक्त भएको पाइयो । यो सङ्ख्या अनुसन्धानका कूल शब्दको २.२३%र कूल तत्सम शब्दको २३.१२५%;नेपाली लोकबाजा निबन्धमा जम्मा १३५२(१५.५५%) रहेकोमा १५५ ओटा तत्सम शब्द प्रयोग भएको र यो सङ्ख्या अनुसन्धान गरिएका कूल शब्दको १.७८ प्रतिशत तथा कूल तत्सम शब्दको १८.४७% रहन आएको पाइयो। यसलाई आधार मान्दा कक्षा नौका निबन्धहरूमा जम्मा कूल शब्द ४७६३ (५४.७८%)मध्ये ४५१ (५३.७५%) तत्सम शब्द रहेको पाइयो ।

त्यस्तै कक्षा दशको **चिकित्सा विज्ञान र आयुर्वेद चिकित्सा** निबन्धमा जम्मा १४७९ ओटा शब्द (१७.०१५%) रहेकोमा १७० ओटा तत्सम शब्द भएको पाइयो जुन अनुसन्धान गरिएका कूल शब्दको १.९५%र कूल तत्सम शब्दको २०.२६% हुन आयो । यसैगरी दोस्रो निबन्ध **मेरो देशको शिक्षा**मा जम्मा १४८७ (१७.१०%) शब्द रहेकोमा १५५ ओटा तत्सम शब्द प्रयुक्त भएको पाइयो जुन अनुसन्धान गरिएका कूल शब्दको १.७८% र कूल तत्सम शब्दको १८.४७% भएको पाइयो । यसका साथै अनुसन्धानको अन्तिम निबन्ध **परब्नोस्** मा जम्मा ९६५(११.०९%) शब्द रहेकोमा ६३ ओटा तत्सम शब्द रहेको पाइयो जुन अनुसन्धानको दायरामा परेका कूल शब्दको ०.७२ प्रतिशत र कूल तत्सम शब्दको ७.५०% रहन आएको पाइयो ।

यस अनुसन्धानको दायराभित्र सबैभन्दा बढी नामपद बाट आएका तत्सम शब्द जम्मा ५७० (६७.९३%), विशेषण पदबाट आएका तत्सम शब्द जम्मा २५१ (२९.९१%),क्रियाविशेषण पदबाट आएका तत्सम शब्द जम्मा १४९(१.६६%) , नामयोगी पदबाट आएका तत्सम शब्द जम्मा ३(०.३५%) र सबै भन्दा थोरै संयोजक पदबाट आएका तत्सम शब्द जम्मा १ (०.११%) रहेको पाइयो । अत: समग्र अनुसन्धान गर्ने क्रममा पहिलेका निबन्धमा गणनामा उल्लेख भइसकेका तत्सम शब्दहरूलाई भने पछिल्ला निबन्धहरूमा समावेश गरेर दोहोरो अनुसन्धान गरिएको छैन।

समग्रमा हेर्दा, कक्षा नौ र कक्षा दशको तहगत र स्तर अनुरुप नै शब्दको संगठन भएको पाइए पनि अनुसन्धान गरिएका तत्सम शब्दहरूको प्रयोग र सङ्ख्यालाई नियाल्दा वर्गगत सन्तुलन नमिलेको, शब्दावृत्ति धेरै भएको, क्लिष्ट तत्सम शब्दमध्ये केहि शब्दलाई मात्र शब्दार्थ स्तम्भमा समेटिएको पाइन्छ । यसले विद्यार्थीको  बोधगम्यतामा अपेक्षाकृत स्तरीय उपलब्धि प्राप्त नहुन सक्छ । यस विषयमा सम्पादकीय पक्षको ध्यान जानुपर्छ ।

# अध्याय पाँच : निष्कर्ष , सुझाव तथा उपयोगिता

## ५.१. निष्कर्ष

सम्पूर्ण कार्यको सारतत्व वा नीचोड नै निष्कर्ष हो । निष्कर्षले हरेक सन्दर्भलाई एउटा निश्चित बिन्दूमा पुर्याउने गर्दछ र त्यसको औचित्य र महत्त्वलाई पनि प्रष्ट पार्दछ । कुनै पनि अध्ययनलाई अर्थपूर्ण र उपयोगी बनाउनका लागि विभिन्न वर्णन, व्याख्या र विश्लेषणात्मक प्रक्रियाद्वारा निष्कर्षका रुपमा ढाल्न सकिन्छ ।

प्रस्तुत शोधकार्यमा **कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षक अन्तर्गत अध्ययन गर्ने क्रममा पाठमा रहेका तत्सम शब्दको खोजी गरि व्याख्या, विश्लेषणबाट प्राप्त निष्कर्षलाई बुँदागत रुपमा निम्नलिखित प्रस्तुत गरिएको छ :

- शोधपत्रको सुरुमा पृष्ठभूमि, पाठगत परिचय, पाठ समावेश भएको पृष्ठ, अनुच्छेद सङ्ख्या, प्रयोजन आदिलाई प्रस्तुत गरिएको छ ।
- छनोट गरिएका तत्सम शब्दलाई वर्णानुक्रममा क्रमसंख्या र शब्द प्रस्तुत गरिएको छ ।
- प्रस्तुत छनौट गरिएका तत्सम शब्दको उच्चारण अवस्था, शब्दवर्ग, व्युत्पति, अर्थ र तात्पर्यलाई उल्लेख गरिएको छ ।
- विशेष गरेर निबन्धमा प्रयोग भएका वाक्यको सन्दर्भ अनकूल अन्य पर्याय, विपर्याय नखुलाई सोझै अर्थ वा तात्पर्य मात्र उल्लेख गरिएको छ ।
- शब्दलाई स्रोतका आधारमा तत्सम रुपलाई मात्र समेटिएको छ ।
- संस्कृत भाषाबाट रुप परिवर्तन नभई नेपाली भाषामा प्रयोग हुन आएका शब्दलाई तत्सम शब्द मनिएको छ ।
- तत्सम शब्दहरूलाई क्र.सं. , शब्द , उच्चारण, वर्ग, व्युत्पति र अर्थलाई छुट्टै; पदवर्गको प्रतिशत र संख्यालाई छुट्टै ; आवृत्ति शब्द र आवृत्त भएका शब्दको संख्यालाई छुट्टै तालिकीकरण गरिएको छ ।
- तत्सम शब्दको व्युत्पति हुने शब्दलाई व्युत्पादन गरिएको र व्युत्पति नहुने शब्दलाई जस्ताको तस्तै राखी व्युत्पतिको स्तम्भमा **मूल शब्द** भनिएको छ ।

- तत्सम शब्दको वर्ग अन्तर्गत नाम, विशेषण र अव्यय (क्रियायोगी, नामयोगी र संयोजक) का आधारमा समेटिएको छ ।
- कुन निबन्धमा जम्मा कति शब्द र जम्मा कति तत्सम शब्द छन् भनेर पाठगत रुपमा सबै पाठको शब्दसङ्ख्या र त्यसको प्रतिशतलाई समेत उल्लेख गरिएको छ ।
- सबैभन्दा बढी शब्द (२१४२ ओटा ) **कञ्चनजङ्घालाई नियाल्दा** शीर्षकको निबन्धमा पाइएको र तत्सम शब्द पनि त्यसै निबन्धमा बढी रहेको पाइएको छ ।
- `**पख्नोस्** शीर्षकको निबन्धमा सबैभन्दा कम शब्द प्रयोग भएको र त्यसै निबन्धमा सबैभन्दा कम तत्सम शब्द (६३ ओटा ) पाइएको छ भने अन्य निबन्धमा तत्सम शब्दको प्रयोग मध्यम स्तरमा भएको पाइन्छ ।
- शोधकार्य गर्ने क्रममा अघिल्ला निबन्धमा समेटिएर अध्ययन भइसकेका तत्सम शब्दलाई पछिल्ला निबन्धको अध्ययनमा नसमेटिएको कुरा उल्लेख गरिएको छ ।
- अन्तमा सम्पूर्ण पाठका जम्मा शब्द, जम्मा तत्सम शब्द, पाठगत जम्मा शब्द र जम्मा तत्सम शब्दको सङ्ख्या र जम्मा शब्दको प्रतिशत तथा जम्मा पाठगत शब्दको प्रतिशत र जम्मा पाठगत तत्सम शब्दको प्रतिशतलाई उल्लेख गर्नुका साथै मूल शब्दको सङ्ख्या र अन्यको अवस्थालाई पनि उल्लेख गरिएको छ ।
- जम्मा शब्दको पदवर्ग सङ्ख्या र प्रतिशत, पाठगत जम्मा शब्दको वर्गगत संख्या र प्रतिशतलाई पनि अर्थपूर्ण उल्लेख गरिएको छ ।

**५.२ . सुझाव**

वर्तमान नेपाली भाषा पाठ्यपुस्तक (२०७९-८० को संस्करण) **कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा सामाविस्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षक अन्तर्गत ६ ओटा निबन्धमा प्रयुक्त तत्सम शब्दको अध्ययन विश्लेषणबाट निष्कर्षका आधारमा निम्न बमोजिम सुझावहरू प्रस्तुत गरिएका छन् :

- कक्षा नौ र दशका भाषा पाठ्यपुस्तकमा विद्यार्थीको मानसिक क्षमता अनुकूल धेरै क्लिष्ट शब्दका प्रयोगका
- अलावा सरल तत्सम शब्दको प्रयोग भएका निबन्धहरू समावेश गरिएको हुनुपर्छ ।

- निबन्धमा प्रयुक्त तत्सम शब्द बोधगम्यतामा निर्दिष्ट भई व्यवहारिक हुनुपर्दछ ।
- निबन्धमा राखिने तत्सम शब्द विद्यार्थीको स्तर र क्षमतालाई मध्यनजर गरि सरलबाट जटिलतातिर ढल्किएका हुनुपर्छ ।
- भाषिक सिपलाई अभिवृद्धि गर्ने किसिमका तत्सम शब्दहरू समाविष्ट हुनुपर्छ ।
- पाठमा प्रयुक्त तत्सम शब्दहरूलाई शब्दार्थ स्तम्भमा अनिवार्य राखिनुपर्छ ।
- पाठमा अभ्यास तथा परियोजना कार्यमा तत्सम शब्द सम्बन्धित स्तम्भहरू राखी निरन्तरता दिनुपर्छ ।
- अभ्यास स्तम्भमा तत्सम शब्दको अर्थ स्पष्ट हुने गरि वाक्य निर्माण गर्ने शब्दहरूको प्रयोगमा वृद्धि गर्नुपर्छ।
- पाठ्यपुस्तक लेखन तथा सम्पादन पक्षबाट पाठ्यपुस्तकमा शीर्षक र पाठकको स्तर अनुकूल तत्सम शब्द चयन गरि संयोजन , संगठन र पुनर्गठन गर्नुपर्छ ।
- अनुसन्धानकर्ताले भाषागत शब्दसम्बन्धि अध्ययन गर्ने क्रममा विशेष गरि तत्सम शब्दलाई मूख्य प्राथमिकता दिई आवश्यक अध्ययन गर्नुपर्दछ ।
- तत्सम शब्दहरूको समालोचना न्यून मात्रामा भइरहेको कुरालाई ख्याल गरि समालोचकले समुचित समालोचना गर्नुपर्दछ ।
- तत्सम शब्दलाई व्यवहारिक बनाउने नीतिनिर्माण तयार गरि छुट्टै विषयवस्तुका रुपमा अध्ययन गर्न आवश्यक देखिन्छ ।

**५.३. उपयोगिता**

प्रस्तुत **कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा सामाविस्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकको शोधपत्रमा गरिएको तत्सम शब्दको अध्ययन अनुसन्धान नवीन विषयका रुपमा रहेको छ । भाषा पाठ्यपुस्तकमा समाविष्ट तत्सम शब्द सम्बन्धि विभिन्न वर्ग ( शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद, प्रशीक्षार्थी आदि )को अध्ययन- अनुसन्धानमा सहयोग पुगेको देखिन्छ । सम्बन्धित तह र कक्षाका पाठ्यक्रम, पाठ्यपुस्तकको विकासमा उपयोगीमूलक हुने यस किसिमका अध्ययनहरू धैरै भएता पनि यस शोधपत्रले कक्षा नौ र दशका नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका तत्सम शब्दको सैद्धान्तिक पक्षलाई उल्लेख गरि त्यसको व्यवहारिक

पक्षलाई समेत पहिचान गरेको छ । सम्बन्धित तहमा अध्ययन गर्न विद्यार्थीहरूलाई नेपाली भाषाका चलनचल्तीमा रहेका तत्सम शब्दको पहिचान गरि शिक्षण गर्न सहयोग मिल्ने, तत्सम शब्दको उच्चारण गर्ने शैली थाहा हुने, पदवर्ग र सन्दर्भ अनुकूल शब्दको उचित तात्पर्यबोध हुने, व्युत्पति प्रक्रिया बुझ्न सकिने आदि कुरामा यस शोधपत्रले मद्दत पुर्याउँछ ।

सम्बन्धित तहका विद्यार्थीलाई आगन्तुक र तद्भव शब्दको मात्र होइन, संस्कृत भाषाबाट कुनै पनि रुप परिवर्तन नभई नेपाली भाषामा सोझै आएका तत्सम शब्द सम्बन्धि थप जानकारी दिने कुरामा पनि थप टेवा पुग्ने भएकाले यो शोधकार्यको उपयोगिता धेरै छ ।

**५.३.१. नीतिगत तह**

यस शोधकार्यबाट निकालिएको निष्कर्षका आधारमा नीतिगत तहको भूमिका औचित्यपूर्ण रहनेछ। तसर्थ नीतिगत तहका लागि यो शोधकार्य निम्नबमोजिम उपयोगी हुन् सक्दछ :

- यस शोध अध्ययनबाट भएको व्याख्या विश्लेषणले भाषागत नीतिनिर्माणमा समयासापेक्ष सहयोगी बन्न सक्ने देखिन्छ ।
- भाषा पाठ्यपुस्तक निर्माण गर्दा नीति निर्माण गर्ने सम्बन्धित निकायले तत्सम शब्दको छनोट कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।
- भाषा पाठ्यपुस्तकको विधा छनोट गर्दा नीति निर्माण समितिले निबन्ध विधामा तत्सम, तद्भव र आगन्तुक शब्दको सन्तुलनमा छनोट गरि विद्यार्थीको शब्दभण्डारमा वृद्धि गराउनेछ ।
- निबन्ध छनोट गर्दा तत्सम शब्दहरूको संख्यात्मक दृष्टिमा एकरुपता हुनुपर्ने देखिन्छ ।
- पाठ्यपुस्तकमा तत्सम शब्दको छनोट गर्दा शब्दार्थ स्तम्भमा अर्थ/तात्पर्य सँगै स्रोत र पर्यायलाई पनि समावेश गर्नु उपयुक्त देखिन्छ, जसले विद्यार्थीहरूलाई तत्सम शब्द सम्बन्धि थप जानकारी हुने देखिन्छ ।
- पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गर्दा यस अध्ययनको नीचोड तत्सम शब्दको प्रयोगमा सहयोगी सावित हुनेछ ।

- शैक्षिक व्याकरण निर्माण गर्दा तहगत स्तर अनुकूल शब्द छनोट गरि सांगठनिक  गर्न यो अध्ययन सहयोगी हुनेछ ।
- यो अध्ययनको निष्कर्ष विभिन्न सैद्धान्तिक पक्षमा कार्यरत विभिन्न संघ - संस्था, व्यक्ति आदिलाई तत्सम शब्द सम्बन्धि नीति निर्माणमा सहयोगी बन्नेछ ।

**५.३.२  कार्यान्वयन तह**

- शिक्षकले भाषा पाठ्यपुस्तकको निबन्ध विधा अध्यापन गराउँदा तत्सम शब्दको श्रोत, वर्ग र त्यसको  ठिक अर्थका बारेमा स्पष्ट पार्दै गरेका शिक्षणमा थप प्रभावकारिता रहने देखिन्छ ।
- विद्यार्थीको शब्दभण्डारमा वृद्धि गराउन तत्सम शब्दको पार्याय र विपर्याय  शब्द र  त्यसको तात्पर्य, उच्चारण प्रक्रिया आदिमा जोड दिनुपर्ने देखिन्छ ।
- तत्सम शब्दको वर्ग छुट्याई त्यसको व्युत्पति समेत गरेर शिक्षण गर्दा विद्यार्थीमा थप सैद्धान्तिक ज्ञान प्राप्त हुने देखिन्छ ।
- तत्सम शब्द सम्बन्धि विविन्न योजनाहरू निर्माण गरि शिक्षण गराउँदा अझै प्रभावकारी हुने देखिन्छ।
- पाठमा प्रयुक्त क्लिष्ट तत्सम शब्दहरूको चित्रात्मक व्याख्या गर्न सके झनै उपयोगी इद्ध हुने देखिन्छ।
- शब्दकोष निर्माण र परिमार्जन स्तर अनुकूल व्यवहारिक रुपमा संयोजन, संगठन र  समायोजन गर्न प्रभावकारी हुने देखिन्छ ।

**५.३.३ आगामी अनुसन्धानका लागि शीर्षक**

यो शोधकार्यमा सबै कुरालाई समेट्न सकिएको छैन । शोधको अध्ययनमा आएका विभिन्न समस्याका कारण समेट्न नसकिएका विविध पक्षका समस्यालाई भावी पुस्ताले अध्ययन गरि पूरा गर्ने अपेक्षा राखिएको छ । भाषा पाठ्यपुस्तकमा प्रयोग हुने तत्सम शब्द सम्बन्धि शोध अध्ययनका लागि अन्य धेरै शीर्षकहरू रहन सक्छन् । ती मध्ये केहि सम्भावित शीर्षकहरूलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :

- कक्षा नौ र दशको जीवनी विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन
- कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ठ कविता विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन

- कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन तथा विश्लेषण
- कक्षा नौ र दशको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त व्युत्पन्न शब्दको अध्ययन

## सन्दर्भ सामग्री

प्रकाशित

अधिकारी, विष्णुप्रसाद(२०७६), *शिक्षक परीक्षा दिग्दर्शन*, काठमाडौं: आशिष बुक हाउस प्रा.लि. ।

अधिकारी, देवराज र ध्रुवलाल पाण्डे, (२०७६) *अनुसन्धान पद्धति*, (पुन:मुद्रण),काठमाडौं : अस्मिता बुक्स पब्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स(प्रा.)लि. ।

अधिकारी,हरि(2023),कञ्चनजङ्घालाई नियाल्दा,merorautahat.blogspot.com, YouTube Channel.

अधिकारी,हेमाङ्गराज र वद्री विशाल पोखरेल, सम्पा.(२०६१)*प्रयोगात्मक नेपाली शब्दकोश*, (प्रथम संस्करण),काठमाण्डौ, विद्यार्थी प्रकाशन प्रा.लि. ।

उप्रेती,गंगाप्रसाद, प्रधान सम्पा.(२०७९),*प्रज्ञा नेपाली बृहत् शब्दकोश,(*प्रथम संस्करण)काठमाडौं: प्रज्ञा छापाखाना।

ढुङ्गाना, नीलमणि, (२०७८), *व्युत्पतिमूलक संस्कृत नेपाली शब्दकोश,* ललितपुर: साझा प्रकाशन ।

ढुङ्गाना, रामचन्द्र, (२०६८)*संक्षिप्त नेपाली - कोश,* (छैठौं संस्करण), ललितपुर: साझा प्रकाशन ।

दाहाल,दुर्गाप्रसाद(२०६६), *नेपाली गद्य र नाटक* , (पहिलो संस्करण),काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स ।

दाहाल,देवीप्रसाद(२०७९), *शिक्षक परीक्षा दर्पण*(प्रथम संस्करण), काठमाडौं: Inspire Publication Pvt. Ltd .

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,(२०७९),*कक्षा ९ को नेपाली*, (प्रथम संस्करण) सानोठिमी, भक्तपुर: पाठ्यक्रम विकास केन्द्र ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०८०),*कक्षा १० को नेपाली ,(*प्रथम संस्करण),सानोठिमी , भक्तपुर: पाठ्यक्रम विकास केन्द्र ।

प्रधान, बाबुलाल, सम्पा. (२०६३),*रत्न नेपाली शब्दकोश* (पुनर्मूद्रित संस्करण), काठमाडौं: रत्न पुस्तक भण्डार ।

भट्टराई, डी.पी.(२०७९),*आधारभूत नेपाली व्याकरण र अभिव्यक्ति,(*परिमार्जित संस्करण),काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा,केदारप्रसाद, शालिकराम पौडेल,जगदिश गैरे, प्रेमप्रसाद तिवारी र विनोद खनाल,(२०६५- पृ;२२५) *नेपाली गद्य, भाषा र साहित्य, कक्षा -११,*(प्रथम संस्करण) भोटाहिटी,काठमाडौं : अस्मिता पब्लिकेसन ।

शर्मा,विनयकुमार नेपाल,(२०७४)*शब्दार्थ सङ्ग्रह* (पाँचौँ संस्करण), काठमाडौं : शब्दार्थ प्रकाशन ।

शर्मा,बालचन्द्र, सम्पा.(२०५७)*नेपाली शब्द-कोश* ,काठमाडौं: सृष्टि प्रकाशन ।

शर्मा,मोहनराज र खगेन्द्रप्रसाद लुइंटेल(२०७९) *शोधविधि*,(छैटौं संस्करण), ललितपुर : साझा प्रकाशन ।

सुवेदी,पर्वत,(2024 ), *http://ne.wikipedia.org,* Wikipedia Nepal.

**अप्रकाशित**

अधिकारी, सञ्चिता(२०७५), *कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,* जनता बहुमुखी क्याम्पस (अप्रकाशित) शोधपत्र ।

कार्की,प्रदिप (२०७०), *कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,*जनता बहुमुखी क्याम्पस (अप्रकाशित) शोधपत्र ।

खत्री, ज्ञानेन्द्र,(२०७४), *नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधाका तत्सम शब्दको अध्ययन* जनता बहुमुखी क्याम्पस, (अप्रकाशित) शोधपत्र ।

दाहाल, शान्ता(२०६७), *कक्षा ११ सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन* जनता बहुमुखी क्याम्पस, (अप्रकाशित) शोधपत्र ।

भट्टराई, दुर्गादेवी(२०७५),*वर्तमान कक्षा सातको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमूना अभ्यासहरुको अध्ययन*,जनता बहुमुखी क्याम्पस, (अप्रकाशित) शोधपत्र ।

याख्खा, छत्रकुमारी(२०७४), *नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन* ,जनता बहुमुखी क्याम्पस ,(अप्रकाशित) शोधपत्र ।

विष्ट, भीमादेवी(२०८०), *कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्द ,* जनता बहुमुखी क्याम्पस ,(अप्रकाशित) शोधपत्र

# परिशिष्ट